का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ असार २०७९,
मंगलबार
28 June 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १४३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

**माओवादी केन्द्र**

## बलिया दुई गुट अनिर्णयमा प्रचण्ड !

जनार्दन हक्की खालका छन् । जनार्दनबारे माओवादीभित्र प्रचण्डलाई घुर्क्याएर हैसियत लिने नेताका रुपमा समेत टिप्पणी हुने गर्दछ ।



अलि कम बोल्ने, कूटनीतिक हुने स्वभाव बर्षमानको छ । व्यक्तिको कमजोरी पत्ता लगाएर उसमाथि हावी हुने चातुर्य पनि पुनमा देखिन्छ ।



साढे तीन दशकदेखि प्रचण्ड नेतृत्वमा रहेको नेकपा माओवादी केन्द्रभित्र वर्षमान पुन र जनार्दन शर्माको बलिया गुट निर्माण भएको छ, जसले पार्टी निर्णय प्रभावित हुँदै आएको छ । बलिया गुट निर्माणकै कारण माओवादी केन्द्र कतिपय निर्णय लिन समेत नसक्ने अवस्थामा पुगेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ असार ।

पछिल्लो समय अर्थमन्त्री जनादर्न शर्मामाथि निरन्तर नैतिकताको प्रश्न उठिरहेको छ, उठाइएको छ । गर्भनरलाई निलम्बन गर्ने निर्णय सर्वोच्च अदालतबाट उल्टिएपछि पार्टीभित्रै फिर्ता बोलाउनुपर्ने आवाज उठेको थियो ।

करको दर हेरफेर गर्नका लागि अनाधिकृत व्यक्तिलाई लगाएको भनी प्रमुख विपक्षी एमालेले एजेण्डा नै बनाएपछि अझ चर्को रुपमा माओवादीभित्र जनार्दनलाई फिर्ता बोलाउनुपर्ने आवाज उठ्यो । तर, जनार्दनले पार्टीभित्र उठेको आफु विरुद्धको आवाजलाई लामो समय चल्न दिएनन् ।

प्रमुख विपक्षी एमालेले आफुलाई संसदमा बहिष्कार गर्दै गर्दा जनार्दन अझ बलियो भएर प्रस्तुत भएका छन् । उनले सोमबार राष्ट्रिय सभामा बोल्दै 'कर हेरफेरको अधिकार आफ्नो भएको' मात्रै बताएनन्, 'कसैले माग्दैमा राजीनामा नदिने' प्रष्ट भनिदिए । उनले यो अभिव्यक्ति दिनुको पछाठि आफुभित्र पार्टीभित्र उठेको विषय सल्टयाउन सक्नु वा दवाउन सक्नु हो । खासगरी माओवादी भित्रकै बर्षमान पुन कुटले जनार्दनलाई अर्थमन्त्रीबाट फिर्ता बोलाउनुपर्ने आवाज उठेको थियो ।

नेताहरुका अनुसार, यो विषयमा अध्यक्ष पुष्पकमल दाहालले अनौपचारिक रुपमा भएपनि छलफल चलाउने प्रयास गरेका थिए । तर, जनार्दनले आफुले पार्टीमा गर्दै आएको मेहनत विरोधीले खुइल्याउन गरेको प्रयत्नमा लगेर मिलाउने हो ? भनी दह्रिरो रुपमा भने

– बाँकी पृष्ठ २ मा

## नवनियुक्त मन्त्रीहरुले लिए शपथ

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १३ असार ।

सोमबार नवनियुक्त चार मन्त्रीले पद तथा गोपनीयताको शपथ लिए । राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा नेकपा (एकीकृत समाजवादी) का तर्फबाट नवनियुक्त मन्त्रीहरुले शपथ लिएका हुन् ।

नयाँ मन्त्रीहरुमा जीवनराम श्रेष्ठ-संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, मेटमणि चौधरी-सहरी विकास मन्त्रालय, भवानीप्रसाद खापुङ- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शेरबहादुर कुँवर- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रहेका छन् ।

राष्ट्रपति भण्डारीले मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को

– बाँकी पृष्ठ २ मा



## कैदीबन्दीलाई मताधिकार दिन आदेश

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ असार ।

सर्वोच्च अदालतले आसन्न आम चुनावमा कैदीबन्दीलाई पनि मताधिकार दिन आदेश दिएको छ । न्यायाधीश सपना मल्ल प्रधानको एकल इजलासले प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ कैदीबन्दीको मतदाता नामावाली संकलन तथा अध्यावधिक गर्न अन्तरिम आदेश दिएको हो ।

'हाल मिति २०७९/३/१ देखि निर्वाचन आयोगले मतदाता नामावली संकलन तथा अध्यावधिक कार्य सञ्चालन अवस्थामा रहेको हुँदा हाललाई आगामी हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फको निर्वाचन प्रयोजनका लागि कैदीबन्दीको मतदाता नामावली संकलन तथा अध्यावधिक गर्नु/गराउनु' सरकारको नाममा जारी अन्तरिम आदेश भनिएको छ ।

नेपालको संविधानको प्रस्तावनामा बालिग मताधिकारप्रति प्रतिबद्ध रही राष्ट्रको निर्माण गर्ने तथा संविधानमा व्यवस्था गरिएको विचार र अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गरेको साथै कैद सजाय भइ कारागारमा बस्दैमा सबै मौलिक हकहरू स्वत: स्थगन वा निलम्बिन हुन्छ भन्ने नभएको आदेशमा छ ।

तर, कैदीबन्दी मताधिकारबाट बन्चित हुने वातावरण बन्न लागेको भन्दै परेको रिटमाथि सर्वोच्चले यस्तो आदेश जारी गरेको हो ।

विसं २०६४ र २०७० पहिलो र दोस्रो संविधानसभा सदस्य निर्वाचनमा सरकारी सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी, सैनिक वा प्रहरी ब्यारेकमा रहेका व्यक्ति वा तत्कालीन अवस्थामा अस्थायी शिविरमा रहेका माओवादी सेनाका लडाकु, कारागारमा रहेका कैदी वा थुनुवाको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरिएको र मतदान अधिकार दिइएको थियो ।

समस्याको समाधानका लागि संघ तथा घटक संस्थाको एकै आवाज

## संसदीय समितिमा संयोजक ढकालले मागे मुख्य ४ समाधान

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असार

नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित प्रमुख राजनीतिक दल निकट वैदेशिक रोजगार व्यवसायी संस्थाका प्रतिनिधिहरूले वैदेशिक रोजगार व्यवसायमा रहेका कानून तथा व्यवहारिक समस्याको समाधानका लागि प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्त हित समितिको ध्यानाकर्षण गराएका छन् ।

वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरण गर्न वार्षिक एक सय जना कामदार पठाएको हुनुपर्ने तथा सेवा शुल्क परिमार्जनका लागि विगतदेखि छुट्टाछुट्टै पहल गरिआएका संस्थाहरू सोमबार समितिको बैठकमा एकसाथ उपस्थित थिए । सभापति विमलप्रसाद श्रीवास्तवको सभापतित्वमा भएको बैठकमा वैदेशिक रोजगारका क्षेत्रमा रहेका कानूनी, नीतिगत तथा व्यवहारिक समस्या समाधानका लागि संघका अध्यक्ष विमलप्रसाद ढकालले लिखित सुझाव राखे । उपस्थित राजनीतिक दल निकट शुभेच्छुक तथा भ्रातृ संस्थाका प्रतिनिधिहरूले संयोजक ढकालले राखेका विषयमा समर्थन जनाउँदै आफ्नोतर्फबाट थप धारणा राखेका थिए ।

संघका तर्फबाट अध्यक्ष ढकालले सेवा सुल्क तथा प्रवर्द्धन खर्चबापत वैदेशिक रोजगारमा जाने कामदारको एक महिनाको तलब बराबर रकम सेवा शुल्क लिन पाउनुपर्ने, म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार अनिवार्यरूपमा पठाएको हुनुपर्ने व्यवस्था खारेज गर्नुपर्ने, युरोपियन मुलुकमा जाने कामदारको भिसा स्ट्याम्पिङलगायतका विषय नेपालबाट गर्ने व्यवस्था गरिनुपर्नेलगायतका विषयमा लिखित माग राखेका थिए । संघले इजाजत

– बाँकी पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

### नवनियुक्त मन्त्री कुँवरद्वारा पदभार ग्रहण

**काठमाडौं/मस–** नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले सामान्य नागरिकले भोगेका समस्याको समाधान र अप्ठ्यारालाई सहजीकरण गर्ने बताएका छन् । शपथसँगै सोमबार पदवहाली गरेका नवनियुक्त मन्त्री कुँवरले त्यसका लागि मन्त्रालय र मन्त्रालय मातहतका कर्मचारीसँग सहकार्य गरेर अघि बढ्ने बताए ।

मन्त्री कुँवरले राजनीति गर्ने क्रममा वैदेशिक रोजगारमा धेरै समस्या रहेको जानकारी पाएको भन्दै आन्तरिक रोजगारी तथा वैदेशिक रोजगारलाई व्यवस्थापन गर्न मन्त्रालयले यसअघि गरेका अध्ययनहरूबाट प्राप्त हुने सुझावलाई प्राथमिकता दिने बताए ।

## छुटेका शरणार्थीलाई छिट्टै परिचयपत्र

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ असार ।

सरकारले नेपालमा रहेका र विगतमा बिभिन्न कारणले परिचयपत्र पाउनबाट छुटेका शरणार्थीहरुलाई परिचयपत्र दिने तयारी भएको छ ।

सरकारले छुटेका शरणार्थीहरुलाई छिट्टै परिचयपत्र दिने भनेको छ । गृहमन्त्री बालकृष्ण खाँणका अनुसार नेपालमा रहेका र विगतमा बिभिन्न कारणले परिचयपत्र पाउनबाट छुटेका शरणार्थीहरुलाई परिचयपत्र दिने तयारी भएको छ ।

सोमबार राष्ट्रियसभाको बैठकमा बोल्दै गृहमन्त्री बालकृष्ण खाँणले भनेका छन्, 'छुटेकाहरुलाई उनीहरुको परिचयपत्र बनाउने सन्दर्भमा गृहकार्य भइराखेको छ । उनीहरुले पनि नेपालमा सहज जीवन जिउन सक्नुहोस् भन्ने नै हाम्रो सद्भाव रहेको छ ।'

तर, कहिलेदेखि परिचयपत्र दिने ? त्यस्ता परिचय पत्र पाउनबाट छुटेका शरणार्थीहरु कति छन ? भन्ने विषयमा गृहमन्त्री खाँणले कुनै जानकारी दिएका छैनन् ।

नेपालमा रहेका सबैको मानव अधिकार उत्तिकै रहेको उनी बताउँछन् । 'मान्छेहरु दुनियाँका जुनसुकै कुनामा जन्मिएको भएपनि उनीहरु मानव हुन्, नागरिकहरु नै हुन् । उनीहरुको पनि मानव अधिकार रहेको छ' मन्त्री खाँण थप्छन्, 'नेपालमा पनि बिभिन्न काल खण्डमा बिभिन्न भुभागबाट आएर बसेका शरणार्थीहरु हुनुहुन्छ । ति शरणार्थीहरु पनि मानव नै हुन् । त्यसकारण उनीहरुको थीवन यापन सहज होस्, उनीहरुले मानव अधिकार प्राप्त गरुन भन्ने नै सरकारको चाहना छ ।' नेपालमा बसोबास गर्दै आएका शरणार्थीहरुका सन्तानहरु नेपालमै जन्मिएका र हुर्किएका उल्लेख गर्दै मन्त्री खाँणले उनीहरुप्रति नेपाल सरकार र नेपाली समाजको दायित्व रहेको बताए । उनी भन्छन्, 'कतिपय शरणार्थीहरु जसको नेपालमै बालबच्चाहरु जन्मिएका छन्, हुर्कँदै छन् बढ्दै छन । उनीहरुको पनि दायित्व हाम्रो समाजको र सरकारको हो ।'

कोरोना भाइरसको महामारीबाट बच्न कोरोना खोप लगाउँदा नेपालमा रहेका सबै मावनले पाउने गरी व्यवस्था मिलाएको उनले स्मरण गरे ।

'सुरुमा नेपाली नागरिकले मात्रै खोप लगाउन पाउने थियो । त्यसलाइ बदलेर नेपालमा बसोबास गरिरहेका सबैलाई खोप दिने व्यवस्था मिलायौं' मन्त्री खाँणले भने । शरणार्थीहरुलाई पनि पहिचान खुलेका, परिचय पत्र प्राप्त नगरेकाहरु सबैलाई खोप दिइरहेको र बाँकीलाई पनि दिने उनको भनाइ छ ।



मध्यान्ह
www.madhyanhadaily.com
१४ असार २०७९, मंगलबार
28 June 2022, Tuesday

# आईजीपी मुद्दा हेर्दाहेर्दैमा, असार १९ मा सुनुवाइ



काठमाडौं/ प्रहरी महानिरीक्षक (आईजीपी) नियुक्तिविरुद्धको रिट फेरि पनि 'हेर्दाहेर्दैमा' राखिएको छ । सोमबार प्रतिवादीका तर्फबाट महान्यायाधिवक्ता खम्म खातीसहितका सरकारी वकिलहरूले बहस गरिसकेपछि यो मुद्दा हेर्दाहेर्दैमा राखिएको हो। रिटमा महान्यायाधिवक्ता खम्म खाती सहित चारजना सरकारी वकिलले बहस गरेका छन ।

उनीहरुले प्रहरी प्रमुखमा धीरजप्रताप सिंह नै उपयुक्त पात्र भएको जिकिर गरेका छन्। आईजीपी बनाउने कुरा सरकारको विशेषाधिकार भएको दाबी बहसमा महान्यायाधिवक्ता खातीले गरे। रिटमाथिको अर्को सुनुवाई असार १९ मा हुनेछ। सो दिन प्रहरी महानिरीक्षक सिंहका निजी वकिलले बहस गर्नेछन् ।

मुद्दामा रिट निवेदक पोखरेलका तर्फबाट १३ जना कानुन व्यवसायीले बहस गरिसकेका छन् । कामु प्रधानन्यायाधीश दीपककुमार कार्की र न्यायाधीश कुमार चुडालको इजलासमा यो रिटमाथि सुनुवाइ भएको हो ।

सरकारले १८ वैशाखमा सिंहलाई आईजीपीमा बढुवा गर्ने निर्णय गरेको थियो । सो निर्णयविरुद्ध प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) विश्वराज पोखरेल सर्वोच्च पुगेका थिए । सरकारको निर्णयविरुद्ध दायर रिटमा जेठ १७ गतेदेखि अन्तिम सुनुवाइ शुरु भएको थियो । त्यसयता सुनुवाइ निरन्तर छ ।

# सेनाको संख्या होइन क्षमता बढाइन्छ : गृहमन्त्री

काठमाडौं/मस- गृहमन्त्री बालकृष्ण खाँणले नेपाली सेनाको संख्या बढाउनेभन्दा पनि क्षमता विकासमा सरकारको ध्यान रहेको बताएका छन् । रक्षामन्त्रीको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट रक्षा मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमा उठेका प्रश्नको जवाफ दिँदै गृहमन्त्री खाँणले भने, 'सेनाको संख्या बढाउनेभन्दा पनि सेनाको क्षमता बढाउने कुरामा सरकरको ध्यान छ, उनीहरूलाई प्रविधियुक्त बनाइ स्रोत र मेसिनरी उपलब्ध गराउनमा सरकारको प्रयत्न छ ।'

हाल नेपाली सेनाले कठिन भूभागमा ३० सडक निर्माण गरेको छ । काठमाडौं तराई द्रुतमार्गलाई तोकिएको समयमा सम्पन्न गर्न ११ खण्डमा विभाजन गरी काम भइरहेको गृहमन्त्री खाँणले जानकारी गराए । सेनाले कोभिड महामारीका समयमा सात स्थानमा होल्डिङ सेन्टर निर्माण गरेको तथा दुई हजार ३३ शव व्यवस्थापन गरेको तथा कोभिडका बेला आठ हजार ६२५ सैनिक संक्रमित भएकामा १२ जनाको मृत्यु भएको उनले जानकारी दिए ।

विपद् व्यवस्थापनमतर्फ चार हजार बढीको खोज उद्धार, २६९ स्थानमा आगजनी नियन्त्रण, तीन हजार बढी सर्पदंशका बिरामीको उपचार गरेको तथा १३८ गर्भवती तथा सुत्केरीको उद्धार गरेको उनले जानकारी गराए ।

नेपाली सङ्गठन २०७८ मा पुनःसंरचना भएको र हाल कूल दरबन्दी ९६ हजार ४७७ जना रहेका छन् । सेनाले सफा हिमाल अभियानअन्तर्गत ३३ हजार ८७७ केजी फोहर सङ्कलन गरेको मन्त्रीले जानकारी दिए । अमेरिकाको स्टेट पाटनरसीप प्रोग्राम अघि नबढाउने निर्णय सरकारले गरिसकेको जानकारी दिँदै उनले नेपालको भूमि मित्रराष्ट्र विरुद्ध प्रयोग हुन नदिने कुरामा सरकार प्रतिबद्ध र दृढ रहेको बताए ।

# गिनिज बुकको रेकर्डमा चित्रकुमार कार्कीको नाम



**काठमाडौं/मस-** उदयपुर गाईघाटका चित्रकुमार कार्कीले मस्ट हिट्स अफ अ टेनिस बल विथ अ टेनिस र्याकेट ह्यान्डल् इन वान मिनेट टाइटलमा गिनिज वर्ल्ड रेकर्ड (विश्व कीर्तिमान) बनाएका छन् ।

वर्ल्ड रेकर्ड फाउन्डेसनको सहयोगमा काठमाडौंको सुन्दरीजल रिसोर्टमा कार्कीले कार्यक्रमको आयोजना गरेको थिए ।

कार्कीले उक्त रेकर्डलाई एक मिनेट अवधिमा संसारकै छिटो २६० स्कोर बनाएका थिए। गिनिज वर्ल्ड रेकर्डको गाईडलाइन अनुसार गरेको र रेकर्ड भएकोमा उनले खुशी व्यक्त गरेको छन् ।

कार्यक्रममा समाजसेवी, टाकिपर, पत्रकार लगायतको उपस्थिति रहेको थियो।

# प्रदेश नम्बर १ लाई चिया विशेष क्षेत्र घोषणा गर्न माग

झापा/मस- प्रदेश नं १ लाई चिया विशेष क्षेत्र घोषणा गर्न सरोकारवालाहरुले माग गरेका छन् । सोमबार बिर्तामोडमा चिया उत्पादक, चिया किसान, ट्रेड युनियन तथा चिया श्रमिक र चिया विकास बोर्डका प्रतिनिधि सम्मिलित संवाद समूहले आयोजना गरेको कार्यक्रममा चिया क्षेत्रका विषयगत समस्याबारे छलफल गर्दै समस्याको दिगो समाधान गर्न सबै पक्ष मिलेर सामूहिकरूपमा अघि बढ्ने प्रतिबद्धता जनाइएको छ ।

विदेशी मुद्रासमेत आर्जन गर्ने प्रदेश १ कै मुख्य नगदे बालीका रूपमा रहेको चिया क्षेत्रका समस्याहरुप्रति सबै सरोकारवाला गम्भीर भएको जनाएका छन् । नेपाल ट्रेड युनियन महासङ्घ प्रदेश १ का उपाध्यक्ष सन्तकुमार राईले प्रदेश १ लाई चिया विशेष क्षेत्र घोषणा गर्न सरकारको ध्यानाकर्षण गराए । उनले वार्षिक रु चार अर्बभन्दा बढीको नेपाली चिया विश्व बजारमा निर्यात हुँदै आए पनि सरकारको प्राथमिकतामा चिया क्षेत्र पर्न नसकेको गुनासो गरे ।

नेपाल चिया उत्पादक सङ्घका अध्यक्ष सुरेशकुमार मित्तलले विदेशी मुद्रा भित्र्याउने चिया क्षेत्रलाई प्राथमिकतामा राखेर सरकारले विशेष सुविधा दिनुपर्नेमा यसअघि दिइएका अनुदान पनि कटौती हुदै जानु दुःखद भएको बताए ।



ट्रेड युनियन तथा चिया मजदुर नेताहरुले चिया क्षेत्रमा श्रम ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा कोष लागू नहुँदा श्रमिकको अवस्था दयनीय भएको उनको भनाइ छ । चिया क्षेत्र बचाउन चिया उद्योगी र किसानलाई सहयोग गर्न आफूहरु तयार रहेको प्रतिबद्धता जनाउँदै ट्रेड युनियन तथा चिया मजदुर नेताहरुले उद्योगीका प्रतिनिधिसमक्ष श्रमिकले पेटभर खाएर काम गर्ने वातावरण बनाइदिन आग्रह गरेका छन् ।

चिया तथा कफी विकास बोर्ड मातहतका बगानमा आगामी आर्थिक वर्षदेखि श्रम ऐन र सामाजिक सुरक्षा कोष कार्यान्वयन गर्ने राष्ट्रिय चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय झापाका निमित्त प्रमुख सुमन त्रिखत्रीले बोर्डका तर्फबाट प्रतिबद्धता जनाउनुभएको छ। उनले सरकारले बोर्डअन्तर्गत सातवटा बगान सञ्चालनमा रहेको जानकारी दिए ।

चिया क्षेत्रको समग्र समस्याको दिगो समाधानका लागि मन्त्रीसहितको सहभागितामा बृहत् छलफल गर्ने र उक्त कार्यका लागि चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय बिर्तामोडले आवश्यक समन्वय र सहजीकरण गर्ने सरोकारवालाबीच सहमति भएको छ ।

छलफलमा नेपाल चिया उत्पादक सङ्घका अध्यक्ष मित्तल, कोषाध्यक्ष विनयराज पोखरेल, साना किसान चिया उत्पादक सहकारीका हर्कबहादुर तामाङ, अखिल नेपाल ट्रेड युनियन महासङ्घ प्रदेश १ का इञ्चार्ज भुपाल सापकोटा, नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष यज्ञप्रताप अधिकारी, नेपाल चिया बगान श्रमिक सङ्घका अध्यक्ष दीपक तामाङ, अखिल नेपाल चिया मजदुर सङ्घका अध्यक्ष सीता सापकोटालगायतले आफ्ना धारणा राखेका थिए ।

# कृष्णनगरका जेष्ठ नागरिकसँग अन्तरक्रिया



**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, १३ असार

कपिलवस्तु कृष्णनगरका जेष्ठ नागरिक र सरोकारवालाहरूसँग अन्तरक्रिया गरिएको छ ।

नगरपालिकाको वडा नं ३ कृष्णनगर स्वास्थ्य चौकीको सभाहलमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो ।

नगरपालिकाको आयोजनामा भएको कार्यक्रममा नगरपालिकाकी महिला तथा बालबालिका शाखा प्रमुख थुमा देवी उपाध्यायले जेष्ठ नागरिकको परिभाषा, आवश्यकता, उनीहरुमाथि हुने दुर्व्यवहार, समस्याहरू, समस्या समाधानका उपायहरू र राज्यले दिएका सेवा सुविधाका विषयमा प्रकाश पारेकी थिइन् ।

कार्यक्रममा ३० भन्दा बढी जेष्ठ नागरिक तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागी जेष्ठ नागरिक तथा सरोकारवालाहरुले जेष्ठ नागरिक भवन निर्माण, धार्मिक एवं ऐतिहासिक स्थलको व्यवस्था, जेष्ठ नागरिक वडा स्तरीय समिति एवं पालिका स्तरीय संजाल गठन लगायतका विषयमा सुझाव दिएका थिए ।

## बलिया...

पछि प्रचण्ड ब्याक भए । नेताहरुका अनुसार वर्षमान गुटले अर्थमन्त्रीको विषयमा उठेको प्रश्नका विषयमा छलफलसम्म गर्दा के बिग्रन्छ र ! भनेर समेत अध्यक्षलाई कन्भिन्स गराउन खोजेको थियो ।

तर, जनार्दनले वर्षमान चीन गएकै कारण महाधिवेशनबाट पार्टी महासचिव पद नटुंग्याउने र महासचिवलाई देखाएर पदाधिकारी बिहीन पार्टी चलाउने ? भनी पार्टीभित्र प्रश्न उठाए । आफुलाई असफल बनाउन बर्षमान नै लागी परेको भनी पार्टीका नेताहरुलाई खुलेआम भने । जनार्दन गुटले वर्षमानकै कारण पार्टीभित्र र बहिर जनार्दनमाथि प्रश्न उठेको भास्य निमार्ण गर्न सफल भए ।

परिणाममा प्रचण्ड जनार्दनका विषयमा प्रश्न उठेको भनी छलफल गर्नु उचित ठानेनन् र यो विषयले औपचारिकता नै पाउन सकेन् । बरु यही मौकामा खेले जनार्दनले आगामी आम चुनाव पछि पनि आफुलाई अर्थमन्त्रालय नै चाहिने र अर्थ मन्त्रालयमा रहेर केही गर्छु भनेर पार्टीमा विश्वास दिलाउने प्रयास गरेका छन् । एक नेता भन्छन्, 'जनार्दनले आफुमाथि प्रश्न उठाउनेमाथि नै प्रश्न उठ्ने वातावरण मात्रै बनाएका छैनन् आउँदो चुनाव पछि पनि अर्थमन्त्रीका लागि वातावरण तय गरेका छन् ।'

ती नेताका अनुसार प्रधानमन्त्री शेरबादुर देउवाले पनि जनार्दनलाई रुचाएको र देउवा नै आगामी चुनावपछि प्रधानमत्री हुँदा जनार्दन नै अर्थमन्त्री हुने संभावना बलियो बनेको छ ।

उता जनार्दनले पार्टीमा आफ्नो पटक सांगठनिक रुपमा बलियो बनाउँदै लगेका छन् । स्थानीय तहको चुनावमा जनार्दन बजेट तयारीमा केन्द्रीत हुँदा बर्षमानले नै धेरै स्थानीय तहमा टिकट दिने अवसर पाए । यसले उनलाई पार्टीमा थप बलियो हुन मद्दत गरेको छ ।

जनार्दन र बर्षमान बलियो गुट बन्दै जाँदा माओवादी केन्द्रमा प्रचण्ड भने कतिपय सन्दर्भमा अल्पमतमा पर्ने टिप्पणी गर्नेहरु पनि छन् । तर, जनार्दन र बर्षमान दुबै प्रचण्डको कहिल्ये साथ नछोडेका नेता हुन् । दुबैलाई प्रचण्डको विश्वास पात्रका रुपमा समेत लिने गरिन्छ । दुबैले प्रचण्डले भनेको मान्ने पनि बताइन्छ । तर, प्रचण्डलाई कन्भिन्स गर्ने र आफु बलियो हुनेमा छन् जनार्दन र बर्षमान ।

यी दुबै नेता पार्टीको महासचिवका पनि बलिया दाबेदारका रुपमा देखापरेका छन् । दुबैको आकांक्षा भएका कारण प्रचण्डले महासचिव समेत तय गर्न सकेका छैनन् ।

यी दुबै नेताको राजनीतिक जीवन उस्तै उस्तै छ । दुवै नेता आफ्नै क्षमता र संघर्षले अगाडि आएका र आफूलाई नेतृत्वका लागि तयार गर्दै लगेका नेताहरु हुन् ।

२०७४ को आम चुनावमा वाम गठबन्धन र ३ जेठ २०७५ मा नेकपा एमालेसँग एकता हुनुअघि वर्षमान बढ्ता हावी थिए । एमालेसँग पार्टी एकता गर्दा र एकता भंग भएर माओवादी केन्द्र ब्युँतिएपछि भने जनार्दन हावी भएका छन् ।

पार्टी सत्ता चलाउने सन्दर्भमा अलि कम बोल्ने, अलि कूटनीतिक हुने स्वभाव बर्षमानको छ । उनी कुटनीतिक रुपमा आफुलाई प्रस्तुत गर्ने कमजोरी पत्ता लगाउर ऊ माथि हावी हुने स्वभावका नेता हुन् ।

जनार्दन भने हक्की खालका छन् । माओवादीभित्र उनलाई प्रचण्डलाई घुर्क्याएर हैसियत लिने नेताका रुपमा टिप्पणी हुने गरेको छ । अर्थमन्त्री भएको बेला संगठन विभाग प्रमुख चलाउन गाह्रो होला कि भन्दा शर्माले मलाई संगठन विभाग प्रमुख नै चाहिन्छ भनेर अड्डी लिनुलाई कतिपयले यही अर्थमा लिने गर्दछन् ।

## नवनियुक्त...

उपधारा (१) बमोजिम प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा चार मन्त्री र एक राज्यमन्त्रीको नियुक्ति र कार्य विभाजन तोकेकी थिइन् ।

मन्त्रीहरुको शपथपछि शीतल निवासमै राष्ट्रपति भण्डारीको उपस्थितिमा प्रधानमन्त्री देउवासमक्ष नवनियुक्त स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री हीराचन्द्र केसीले पद तथा गोपनीयताको शपथ लिए । नेकपा एकीकृत समाजवादीले मन्त्री हेरफेर गर्ने भनी करिब एक महिना अगाडि गरेको निर्णय कार्यान्वयन भएपछि नयाँ मन्त्रीहरुले सपथ लिएका हुन् ।

## समस्याको...

नवीकरणका लागि वार्षिक सय जना कामदार पठाएको प्रमाणित हुने कागजात नभए नवीकरण नहुने र इजाजतपत्र रद्द गर्न सकिने ऐन र नियमावलीमा राखेको विषय संविधान, कानून र विश्वव्यापी प्रचलन विपरीत रहेको भन्दै त्यसको खारेजीको लागि शुरूदेखि नै माग राख्दै आएको तथा चालू आर्थिक वर्षमा समेत कोभिडका कारण केही मुलुकमा बन्दाबन्दी यथावत रहेकोले अघिल्लो आर्थिक वर्ष जस्तै यस वर्ष पनि सय जना कामदार नपठाएको भएपनि वैदेशिक रोजगार ऐनको दफा ८२ मा रहेको बाधा अड्काउ आदेश जारी गर्ने व्यवस्था अन्तर्गत उपयुक्त आदेश जारी गरी इजाजत नवीकरण गरिदिन निर्णयसहित निर्देशन जारी गर्न माग गरेको छ ।


छलफलमा नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनाल, नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारी, नेकपा एकीकृत समाजवादी निकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका उपाध्यक्ष अनिल बागटी, महासचिव मधुकर रिजाल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी, संघीय समाजवादी पार्टी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष अख्तर हुसेन, वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष सीता देवकोटाले आ-आफ्नो संस्थाको संस्थागत नेतृत्व गरेका थिए ।

छलफलमा सहभागी गणतान्त्रिक मञ्चका महासचिव कुन्छा दोर्जे डिमडोङले साउदी अरबमा देखिएको समस्या र नेपालस्थित साउदी अरेबियाको दूतावासमा साउदी आईडी नवीकरण र भिसा प्रक्रियामा व्यवसायीहरूले सास्ती र हैरानी खेप्नुपरेको र युरोपेली मुलुकको राजदूतावास तथा कन्सुलर कार्यालय नेपालमा नहुँदा एक जनाको भिसा लगाउन भारतको राजधानी नयाँदिल्ली जाँदा साढे दुई लाख रूपैयाँसम्म खर्च गर्नुपर्ने बाध्यता रहेको विषयमासमेत समितिको ध्यानाकर्षण गराएको जानकारी दिए ।

समितिको बैठकमा सभापति श्रीवास्तवसहित वैदेशिक रोजगारका विषयमा विगतदेखि नै चासो राख्दै आएका उपसमितिका संयोजक एलपी साँवा लिम्बु, प्रकाश रसाइली, बृन्दा पाण्डे लगायतका सांसदहरूको उपस्थिति रहेको थियो ।

सभापति श्रीवास्तवले समस्याको समाधानका लागि सकेसम्म छिटो विभागीय मन्त्रीलाई निर्देशन दिने आश्वासन दिए । संघका संयोजक ढकालले वैदेशिक रोजगार ऐन संशोधनको प्रक्रिया अघि बढेको भन्दै उक्त ऐन संशोधनका लागि समितिमा दफावार छलफल गर्दा व्यवसायीका सुझावसमेत लिई छिटो प्रक्रिया 'फाष्ट ट्र्याक'बाट अघि बढाइदिन आग्रह समेत गरेको मध्यान्हलाई बताए ।

# नियमित वर्षाले फोहर व्यवस्थापनमा समस्या



**काठमाडौं/मस-** केही दिनदेखि नियमित परेको वर्षाको कारण काठमाडौं उपत्यकाको फोहर व्यवस्थापनमा पुनः समस्या आएको छ । निरन्तर परेको पानीले काठमाडौंदेखि अन्तिम फोहर व्यवस्थापन स्थल बञ्चरेडाँडासम्म पुग्ने सडमा समस्या आउँदा नियमित रुपमा फोहरका गाडीहरू जान सकेका छैनन् ।

सामान्य अवस्थामा प्रतिदिन ३०० सम्म फोहरको गाडी बञ्चरेडाँडा पुग्ने गरेका थिए । पानीको कारण बाटो अवरोध हुँदा अहिले मुस्किलले १०० गाडीले मात्र फोहर व्यवस्थापन गर्दै आएको काठमाडौं महानगरपालिका वातावरण विभाग प्रमुख सरिता राईले जानकारी दिइन् । कोल्फु खोलादेखि नै कच्ची सडक रहेको र यसअघि फोहर व्यवस्थापन गर्दै आएको सिसडोल पार गर्दै फोहरकै डङ्गुरबाट गाडीहरू बञ्चरेडाँडा जानुपर्ने हुँदा समस्या भएको प्रमुख राईले बताइन् ।

गत फागुनदेखि सिसडोल बञ्चरेडाँडा स्थानीय र जनप्रतिनिधिले विभिन्न माग राख्दै अवरोध गर्दा काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहर व्यवस्थापन हुन नसक्दा उपत्यकामा दुर्गन्ध फैलिएको थियो । सिसडोल बञ्चरेडाँडा स्थानीयवासीको समस्यालाई समाधान गर्नका लागि केही दिनअघि स्थानीय र जनप्रतिनिधिसँग काठमाडौं महानगरपालिकाले १८ बुँदे सहमति गरी फोहर व्यवस्थापनको काम नियमित गर्दै आएको थियो ।

तत्कालका लागि स्थानीयवासीको अवरोध हटे पनि हरेक दिन पानी पर्दा समस्या दोहोरिएको कामपाको भनाइ छ । यसैबीच कामपाले आगामी साउन १ गतेदेखि स्रोतबाटै फोहरको वर्गीकरण नगरे जरिवाना लाग्ने भन्दै सूचना जारी गरिसकेको छ । कामपाले फोहरको सहज व्यवस्थापनका लागि आगामी साउन १ गतेदेखि कुहिने र नकुहिनेलाई स्रोतबाट नै वर्गीकरण गर्न लागेको जनाएको छ ।

कामपा, सिसडोल र बञ्चेरडाँडा ल्यान्डफिल साइटका प्रभावित स्थानीयवासी र स्थानीय तहसँग आगामी साउन १ गतेदेखि स्रोतमै फोहरको वर्गीकरण गर्ने सहमतिअनुसार कामपाले यस किसिमको अभ्यास गर्न लागिएको हो । वातावरण विभागका अनुसार फोहर सङ्कलनका क्रममा पृथकीकरण नगरेको पाइए हरेक पटक रु ५०० जरिवाना गरिनेछ ।

कामपाका लागि यो नौलो अभ्यास भने होइन, ३२ वडा रहेको कामपामा यसअघि पनि केही वडामा स्रोतमा नै फोहरको वर्गीकरण गर्ने कार्यको सुरुवात भए पनि कडाइका साथ लागू नहुँदा निरन्तरता पाउन भने सकेन ।

# हैजा सम्बन्धी गुनासो सुन्न २४ घण्टे हटलाइन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असार

काठमाडौं महानगरपालिकाले हैजा सम्बन्धी समस्या समाधान गर्न २४ सैं घण्टा हटलाइन टेलिफोन सेवा सञ्चालनमा ल्याएको छ।

यस अघि कोविड रोकथाम तथा नियन्त्रणका लागि प्रयोग गरिएको ११८० नम्बरलाई राष्ट्रिय सभा गृहको कल सेन्टरमा स्थानान्तरण गरेर सेवा थालिएको हो । जनस्वास्थ्य सम्बन्धी जोखिम पूर्वअनुमान गरेर व्यवस्थापनका काम थालिएको महानगरका प्रमुख बालेन्द्र शाह (बालेन) को भनाइ छ।

जनस्वास्थ्यको सवालमा महानगरले कुनै पनि कुरामा सम्झौता नगर्ने बताउँदै प्रमुख शाहले, नगरबासीलाई पानी उमालेर मात्र पिउन र खाद्य स्वच्छतामा ख्याल गर्न अपिल गरेका छन्।

उनले भने, 'हैजा रोकथाम गर्न नागरिकका सचेतनाका लागि सबै वडामा वातावरण व्यवस्थापन विभागमार्फत एक हप्ता माइकिङ् हुँदैछ । विद्यार्थीहरुलाई हैजा रोकथामका विषयमा सचेत गराउन शिक्षा विभागमार्फत विद्यालयहरुमा जानकारीमुलक कार्यक्रम हुँदैछ।'

स्वास्थ्य विभागका प्रमुख बलराम त्रिपाठीले भने, 'हामीले सहरी स्वास्थ्य क्लिनिक र सहरी स्वास्थ्य प्रवर्धन केन्द्रहरुलाई जीवन जल, पानी शुद्ध गर्ने औषधिको अभाव नहुने गरी तयारी अवस्थामा राखेका छौं । विरामीलाई अस्पताल लैजानु परे नेपाल एम्बुलेन्स सेवाको सुविधा लिन सक्ने गरी प्रबन्ध मिलाएका छौं।'




हैजाको प्रकोप भएको ठाउँमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न सम्बन्धित वडाका महिला स्वास्थ्य स्वयमसेविका र वास स्वयमसेवक परिचालन गर्ने तथा सरोकारवालासँग सहकार्य गर्ने महानगरले निर्णय गरेको छ।

हैजा खानेकुरा र पानीबाट सर्ने भएकोले खानेकुरा तथा पानीको शुद्धतालाई निगरानी गरिनेछ। यसका लागि महानगरले सडकमा खानेकुरा बेच्न नदिन नेपाल प्रहरीसँग सहकार्य गर्ने भएको छ। होटल रेष्टुरेन्टको खाद्य स्वच्छता हेर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई अनुरोध गरेको छ । यस्तै पानीको पाइपलाइन तथा ढल प्रणालीको चुहावट ढल फुटेर पानीमा मिसिएको अवस्था हेर्न र सुधार गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई अनुरोध गरेको छ।

## प्रदूषित खानेपानीले हैजा

उपत्यकाको खानेपानी प्रदूषित भएको कारणले हैजा देखिएको पाइएको छ । प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिमा हैजा रोगबारे गरिएको छलफलमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चुमनलाल दासले खानेपानी प्रदूषित भएकाले हैजा देखिएको बताए।

महाशाखाले हैजा देखिएको ठाउँ बागबजार, डिल्लीबजार र सानेपामा रहेका पानी परीक्षण गरेको थियो। उनले धारापानी, जार, टुयूवेल, बोरिङको पानी परीक्षण गर्दा प्रदूषित पाइएको बताए।

बागबजारको खानेपानी प्रदूषित रहेको छ। यस्तै सानेपामा परीक्षणका क्रममा ६२ प्रतिशत प्रदूषित भेटिएको उनले बताए।

'पानी कसरी प्रदूषित भयो भनेर हामीले अध्ययन गरिरहेका छौं', उनले भने, 'अध्ययनका लागि सबै ठाउँको पानीको नमूना सङ्कलन गरिरहेका छौं।'

यस्तै बूढानीलकण्ठ नगरपालिकाले गरेको पानीको परीक्षणमा ७२ प्रतिशत प्रदूषित र जारको पानी १५ प्रतिशत प्रदूषित भेटिएको छ । नगरपालिकाले जार, ढुङ्गेधारा, बोरिङको पानी परीक्षण गरेको थियो। यस्तै काठमाडौं उपत्यका खानेपानी लिमिटेडले पनि विभिन्न ठाउँको १० वटा खानेपानीको नमूना परीक्षण गरिरहेको छ।

महाशाखाका निर्देशक डा.दासले बल्खु र कोटेश्वरको पानीको सातवटा नमूना लिई परीक्षण भइरहेको जानकारी दिए।

उनले महाशाखा र काठमाडौं उपत्यका खानेपानी कम्पनी लिमिटेडसँग मिलेर खानेपानीको परीक्षण भइरहेको बताए । महाशाखाका निर्देशक डा दासले हैजाको सम्भावित रोकथाम र नियन्त्रणका लागि अस्पतालहरुलाई तयारी अवस्थामा राखिएको बताए।

## १२ जनामा हैजा

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्ररमण सिंहले अहिलेसम्म १२ जनामा हैजा पुष्टि भइसकेको जानकारी दिए। तीमध्ये ८ जनाको निको भएर घर फर्किसकेका छन र चार जना उपचाररत रहेका छन्। शुक्रराज ट्रपिकल तथा सरुवा रोग, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र वयोधा अस्पतालमा ती बिरामीको उपचार भइरहेको छ। सबैभन्दा पहिले असार ५ गते बागबजारका दुई जना युवतीमा हैजा पुष्टि भएको थियो।

# कर्णालीको उर्जा विकास मन्त्रालय ठूला आयोजनामा केन्द्रित

**हेमन्त केसी/मध्यान्ह**
सुर्खेत, १४ असार



कर्णाली प्रदेश जलस्रोत तथा उर्जा विकास मन्त्रालयले ठूला आयोजना लगानी शुरु गरेको छ। साना आयोजना भन्दा पनि प्रतिफल राम्रो देखिने ठाउँमा लगानी गर्नुपर्ने उदेश्यका साथ निर्मम भएर हामीले ठूलो बजेट ठूला आयोजना तीर केन्द्रीत गरेको जलस्रोत तथा उर्जा विकासमन्त्री गणेशप्रसाद सिंहले बताए।

केन्द्रीय विद्युत नपुगेका हिमाली जिल्लामा सौर्य मिनिग्रेटमा लगानी गरि त्यहाँ विद्युतीकरण गर्ने अभियान शुरु भएको उनले बताए । मुगु, हुम्ला र डोल्पामा सौर्य मिनिग्रेट स्थापना कार्य सुरु भएको छ। त्यस्तै अन्य जिल्लाका विद्युत नपुगेको ठाउँमा सौर्य मिनिग्रेट स्थापना गरि गाउँ ,गाउँमा विद्युतीकरण गर्ने काम शुरु भएको उनले बताए।

ग्रामिण विद्युतीकरण अन्तरगत विद्युत प्रशारण लाइन पुगेका ७ जिल्लाका गाउँ, गाउँमा विद्युत पुर्‍याइ जनताले महसुस गर्ने गरि काम गर्नका लागि समेत बजेट खर्च गरिन लागिएको हो । त्यस्तै १० जिल्लामा कर्णाली उज्यालो कार्यक्रबाट थप ठाउँमा विद्युत पुर्‍याइरहेको भन्दै यसलाइ थप व्यवस्थित गरी बन्द भएका साना लघुज लविद्युतलाई सुचारु गर्न सक्रियताका साथ काम शुरु भएको मन्त्रालयले जनाएको छ। २० मेगावाट सम्माका विद्युत आयोजनाहरु पहिचान गरी विस्तृत सम्भाव्यता अध्ययन गर्ने, डिपिआर तयार भएका आयोजनाहरुलाइ निर्माण कार्यमा लिनका लागि समेत बजेट विनियोजन गरिएको छ। तिला र जोवा नदीमा जलविद्युत परियोजना अध्ययन तथा निर्माणका लागि समेत बजेट बिनियोजना गरिएको मन्त्री सिंहले बताए।

१०७ मेगावाट उत्पादन क्षमता रहेको जगदुल्ला जलविद्युत आयोजना डोल्पा, रारा जलविद्युत आयोजना दैलेख र ताक्सुगाड जलविद्युत आयोजना जाजरकोटलाइ समेत जलस्रोत तथा उर्जा विकास मन्त्रालयले बजेट बिनियोजन गरि काम सुरु गर्नका लागि ८७ करोड ६० लाख रुपैयाँ खर्च गर्न लागेको छ।

कर्णाली जनता सिँचाइ कार्यक्रम, सिँचाइ संरचना निर्माण र टार सिँचाइ कार्यक्रम र सिँचाइ पूर्वाधार आवधिक तथा नियमितलाई ५६ करोड रुपैयाँ लगानी गरी काम शुरु गर्न लागिएको छ।

प्रदेशमा प्रयोगशाला नहुँदा समस्य भइरहेको भन्दै निर्माण सामग्री परीक्षण प्रयोगशाला, प्रदेश स्तरिया पानी परीक्षण प्रयोगशालाको स्थापना तथा सञ्चालका साथै मोवाइल भ्यान खरिदका काम शुरु भएको मन्त्रालयले जनाएको छ। पानी शुद्ध गर्ने उपकरण भएपनि प्रयोगमा नल्याउँदा समस्या भएको भन्दै आर्थिक वर्ष २०७९/८० बाट अभियान शुरु गरिएको उनको भनाइ थियो।

प्रदेश राजधानी सुर्खेतमा खानेपानी कार्यक्रमलाई मुख्य रुपमा ध्यान दिइएको छ । सल्यानको शारदा नगरपालिकामा वृहत खानेपानी सञ्चालन ल्याउने भएको छ । त्यस्तै खानेपानी गुणस्तर कार्यक्रम, खुल्ला दिसामुक्त क्षेत्र घोषण क्षेत्रको अवस्था विश्लेषण समेत गर्न लागिएको छ। खानेपानी पूर्वाधारहरुको अवधिक तथा नियमित मर्मत तर्फ पनि समेत बजेट बिनियोजन गरिएको छ। नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन, कर्णाली प्रदेश जनता तटबन्धको कार्यक्रमलाई जोड दिइएको छ।

ठूला आयोजनाको पूर्वसम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तथा गुरु योजना तयार गरी आवश्यक काम गर्ने कार्य शुरु भएको छ। यो विद्युत आयोजना लगायत अन्य भौतिक पूर्वाधारको क्षेत्रमा बढी रहेको छ।

कर्णाली प्रदेशमा रहेको भारी औद्योगिक, संस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकासको लागि आवश्यक पर्ने खानेपानी, विद्युत र अन्य पूर्वाधार निर्माणलाइ समेत विशेष प्राथमिकता दिइएको योजना महाशाखाका प्रमुख गोपाल शर्माले बताए।

कर्णाली आफैमा एउटा दुनियाँको रोजाइमा परेको क्षेत्र हो। यहाँ रहेका मठमन्दिर, ताल, तलैया र धार्मिक पर्यटनको राम्रो सम्भावना भएको क्षेत्र भएकाले यो क्षेत्रको विकास गरी पर्यटकलाइ भित्र्याउनु अर्को उदेश्य रहेको प्रमुख शर्माले बताए।

कर्णाली प्रदेशको सिंचाइ, जलस्रोत, उर्जा, विद्युत खानेपानी लगाएतका नीति तथा कानुन निर्माणलाई समेत तिव्रता दिएको छ । त्यस्तै जलस्रोत पूर्वाधार सम्वन्धी नीति तथा ऐन कानून निर्माण कार्य जारी रहेको छ। निर्मानाधिण कानून तथा ऐनहरु वर्षे अधिवेशनमा केही पेश हुने मन्त्री सिंहले बताए। नयाँ मन्त्रालय अर्थात् कान्छो मन्त्रालय भएका कारण सबै नयाँ निर्माण गर्नुपर्ने बाध्यता रहेको छ।

२ अर्व २२ करोड बजेट विनियोजन गरेको जलस्रोत तथा उर्जा विकास मन्त्रालयले यो पटक पुराना तथा निर्माण कार्य पुरा नभएका अधिकांश योजनाहरुलाई बजेट विनियोजन गरी अधुरा काम सबै सम्पन्न हुने बताएको छ। असन्तुलित बजेटलाई समावेशी बनाएर काम गर्नका लागि आफूहरु सँधै गतिशील भएको मन्त्री सिंहले बताए। जगदुल्ला, ताक्सुगाड र रारा जस्ता जलविद्युत कर्णालीका लागि राम्रो परिणाम दिने योजनामा पर्दछन्।

# शिक्षक शिक्षिकालाई फोहरमैला व्यवस्थापन तालिम

**भादगाउँ/मस-** भक्तपुर नगरपालिकाले फोहर व्यवस्थापन सहज बनाउन शिक्षकशिक्षिकाहरूलाई दुईदिने फोहरमैला व्यवस्थापन तथा कौसी खेती तालिम प्रदान गरेको छ । भक्तपुर नगरपालिका-१ को आयोजनामा तालिम सोमबारदेखि शुरु भएको हो। तालिमको उद्घाटन गर्दै नगरप्रमुख सुनिल प्रजापतिले घरघरबाट नै कुहिने र नकुहिने फोहर छुट्याउन सके फोहर व्यवस्थापनमा धेरै सहज हुने बताउँदै कौसी खेती तालिम फोहर व्यवस्थापनमा पनि सहयोगी हुने विश्वास व्यक्त गरे।

विकसित देशहरूले फोहरलाई व्यवस्थापन गरी मोहरमा रुपान्तरण गरिरहेको चर्चा गर्दै प्रमुख प्रजापतिले काठमाडौं उपत्यकामा फोहर चुनौतीका रुपमा खडा हुनुमा व्यवस्थापनको कमजोरी भएको बताए । उनले कौसी खेतीलाई आवश्यक प्राङ्गारिक मल घरकै उत्पादन गर्न सके एकातिर फोहर व्यवस्थापनमा सहज हुने र अर्कोतर्फ कृषि उत्पादन वृद्धि हुनाका साथै परनिर्भरतासमेत कम हुने बताए।

तालिमका प्रशिक्षक सबिन ख्याजूले विषादीयुक्त तरकारी र फलफूलका कारण धेरै नागरिकहरु क्यान्सरजस्ता खतरनाक रोगबाट मृत्युवरण गरिरहेको यथार्थबारे अवगत गराउँदै किसानहरुले जैविक विषादीको प्रयोगमा जोड दिनुपर्ने बताउनुभयो । वडा नं १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नपालाई आत्मनिर्भर र सुन्दर बनाउन कौसी खेती तालिम सञ्चालनमा जोड दिँदै आएको बताउँदै नगरपालिकाले पाक्षिक सरसफाइलाई समेत निरन्तरता दिँदै आएको जानकारी दिए। तालिममा वडाका ११ वटा विद्यालयबाट दुई/दुई जना शिक्षकशिक्षिकाहरुको सहभागिता रहेको छ।

# हिंसा बढ्नुको प्रमुख कारण प्रतिशोध

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, १३ असार

दाङको बबई गाउँपालिकाका अध्यक्ष कुल बहादुर खत्री क्षेत्रीले हिंसा न्यूनिकरणका लागि प्रतिकार्य आवश्यक भएको बताएका छन्।

बबई गाउँपालिकाको आर्थिक सहयोगमा दलित सेवा संघ दाङको आयोजनामा हापुरेमा शुरु भएको महिला हिंसा न्यूनीकरणका लागि सरोकारवालाहरुको भूमिका विषयक ३ दिने तालिम उद्घाटन कार्यक्रममा बोल्दै क्षेत्रीले प्रतिशोध उत्पन्न हुँदा हिंसा बढ्ने बताए।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका क्षेत्रीले लैङ्गिक जातीय, वर्गीय, भेदभावले हिंसा निम्त्याएको भन्दै उनले संसार बदल्ने अभियानमा लागेकाहरुले पहिले आफूलाई बदल्नुपर्ने बताए। कार्यक्रममा बोल्दै विशिष्ट अतिथि बबई गाउँपालिकाका उपाध्यक्ष बमकुमारी खड्काले महिला हिंसा न्यूनिकरणको शुरुवात आफैंबाट गर्नुपर्ने बताइन्। खड्काले महिला हिंसा बढ्नुको अधिकांस कारण महिलाले आफूलाई कमजोर ठान्नु भएको बताइन्।




कार्यक्रमबारे बबई गाउँपालिका महिला बालबालिका शाखा प्रमुख ईश्वरा रावतले प्रकाश पारेकी थिइन्। कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी दाङका देवि प्याकुरेल, मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय सचिब निर्मल नेपाली लगायतले बोलेका थिए। ३ दिनसम्म चल्ने तालिममा २० जना महिला जनप्रतिनिधि तथा सरोकारवालाको सहभागिता रहेको छ।

# कार्यकाल पूर्ण उपलब्धिमुलक : निवर्तमान मन्त्री श्रेष्ठ

**काठमाडौं/रासस-** निवर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले आन्तरिक रोजगारी सिर्जना, वैदेशिक रोजगारको व्यवस्थापन र सेवा प्रवाहलाई चुस्त बनाउन आफ्नो आठ महिने कार्यकाल सफल भएको दाबी गरेका छन्। मन्त्री पदबाट हटेपछि सोमबार विहान मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा निवर्तमान मन्त्री श्रेष्ठले आफ्नो नेतृत्वमा छोटो समयमा चालिएका कतिपय कदम उल्लेखनीय रहेको बताए।

'जति दिन म मन्त्रीको रुपमा रहें । निष्ठापूर्वक आफ्नो काममा प्रतिबद्ध र दृढ रहें । जनताले म प्रति देखाएको विश्वास अक्षुण्ण राख्न निरन्तर प्रयास गरिरहें । अब आउने नेतृत्वले मैले गरेका सुधारका प्रयासहरुलाई निरन्तरता दिने विश्वास लिएको छु,' उनले भने, 'मन्त्रालयमा मेरो २६२ दिन उपलब्धिपूर्ण र सफलतापूर्वक सम्पन्न भएको छ।' वैदेशिक रोजगारीमा जाने श्रमिक सेवा लिन लाइन बस्नुपर्ने बाध्यता रहेकामा छोटो अवधिमै पूर्णरुपमा



अनलाइन सेवाको प्रभावकारी कार्यन्वयन हुनु ऐतिहासिक उपलब्धिका रुपमा रहेको उनले बताए। निवर्तमान मन्त्री श्रेष्ठले वैदेशिक रोजगारी सम्बन्धी सेवालाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिमार्फत सेवा प्रवाह गरिएको जनाए।

वैदेशिक रोजगारीमा श्रमिक पठाउने मुलुकमध्ये महामारीपछि पुरानै लयमा फर्केको देशमा नेपाल अग्रस्थानमा रहेको उल्लेख गर्दै उनले कोरोना भाइरस महामारीले बिथोलेको वैदेशिक रोजगारी र श्रम बजार पुरानै लयमा फर्काउन सफल भएको बताए। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन ज्यालादर वृद्धि, दुर्घटना बीमाको व्यवस्था, स्वास्थ्य र शिक्षा क्षेत्र समेट्ने गरी कार्यक्षेत्र थप गरिएको पनि निवर्तमान मन्त्री श्रेष्ठले बताए। आफू मन्त्रीका रुपमा आइसकेपछि श्रम कूटनीतिमार्फत रोजगार गन्तव्य मुलुकको विस्तार गरिएको जनाउँदै निवर्तमान मन्त्री श्रेष्ठले नेपाल-बेलायत श्रम समझदारीको मस्यौदा तयार भइसकेको बताए । इजरायलमा दीर्घकालीन सहायक श्रमिकका लागि छनोट भएका श्रमिकलाई निजी क्षेत्र तथा बिचौलीयारहित सरकार-सरकार (जिटुजी) प्रक्रियामार्फत पहिलोपटक इजरायल पठाउन शुरु गरिएको बताउँदै निवर्तमान मन्त्री श्रेष्ठले श्रमिकहरुको हकहितलाई ध्यानमा राखी नयाँ श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्यलाई अगाडि वढाउने क्रममा साउदी अरेविया तथा सेसेल्ससँग नयाँ श्रम सम्झौता एवं संयुक्त अरव इमिरेट्स, मलेसिया र कतारसँग भएका श्रम सम्झौतालाई समसामयिक परिमार्जन गर्ने तथा माल्दिभ्स, सिसेल्स र इजरायलको निर्माण क्षेत्रमा श्रमिक लैजाने सम्बन्धी श्रम सम्झौताको पनि तयारी भइरहेको बताए।

गन्तव्य मुलुकहरुको सहयोगमा सातवटै प्रदेशमा सीप विकास तालिम सञ्चालन गर्नका लागि प्रस्ताव अघि बढाइएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम वजारको माग वमोजिमका तालिमहरु सञ्चालन गर्न आवासीय सुविधा सहितको व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको स्थापना गर्न बनेको गठन आदेश स्वीकृतिको चरणमा रहेको उनको भनाइ छ।

'अधिकारसम्पन्न स्वायत्त तालिम प्रतिष्ठानमार्फत ठुलो संख्यामा श्रमशक्तिलाई सीपयुक्त बनाउने, एकीकृत तथ्याङ्क प्रणाली विकास गर्ने र स्वदेशी तथा विदेशी रोजगारदातासँग समन्वय गरी युवाहरुलाई रोजगारीमा आबद्ध गराउने योजना अघि बढाइएको छ,' उनले भने।

# लिफ्ट माग्ने बहानामा हातखुट्टा बाँधेर कुटपिट

**मध्यान्ह संवाददाता**
कैलाली, १३ असार

डडेल्धुरा आलिताल गाउँपालिकामा कार्यरत एक कर्मचारीमाथि कुटपिट भएको छ।

सोमबार दिउँसो १ बजेतिर कैलालीको गोदावरी नगरपालिका -४ भीमदत्त राजमार्गको गाइमारेमा गाउँपालिकामा कार्यरत कम्प्युटर अपरेटर लोकेन्द्रसिंह भण्डारीमाथि कुटपिट भएको हो।

उनी राजमार्गदेखि करिब एक सय मिटर तल भिरमा हातखुट्टा बाँधेको अवस्थामा फेला परेका थिए।

ईलाका प्रहरी कार्यालय मालाखेतीका अनुसार कञ्चनपुरको महेन्द्रनगरदेखि तीनजना भारतीय मूलका नागरिकले खानीडाँडासम्म जाने भन्दै लिफ्ट मागेर प्रदेश ३-०१-२३ च ६०२१ नम्बरको कारमा कुटपिट गर्ने तीन युवा चढेको थिए।

भण्डारीको घर कञ्चनपुरको दैजी हो। कार गाइमारे पुगेपछि भण्डारीलाई कार रोक्न लगाई प्लास्टिकले हातखुट्टा र मुखमा बाँधेर भण्डारीलाई सडकदेखि तल पुऱ्याएर कार लिएर फरार भएको प्रहरीले जनाएको छ।

भण्डारीको टाउकोमा चोट लागेको र उनीसँग रहेको मोबाइल, पर्स र नगद ५ हजार रुपैयासमेत लुटेर लगेको प्रहरीले जनाएको छ।



## तीन भारतीय पक्राउ

भण्डारीलाई लुटपाटका साथै कुटपिट गर्ने तीनजना भारतीयलाई प्रहरीले सोमबार पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारतको हरियाणाका २१ वर्षीय भगत सिंह, १७ वर्षीय साहिल बादलिसे र २० वर्षीय सन्नी जेट रहेको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायब उपरीक्षक वेदप्रकाश जोशीले जानकारी दिए । उनीहरूलाई गोदावरी नगरपालिका-१ स्थित ऐश्वर्य सामुदायिक वनबाट पक्राउ गरेको हो।

प्रनाउ जोशीका अनुसार कञ्चनपुरको भीमदत्त नगरपालिकाबाट डडेलधुराको आलितालतर्फ जाँदै गरेको वेदकोट नगरपालिका-३ बस्ने आलिताल गाउँपालिकामा कम्प्युटर अपरेटरका रूपमा कार्यरत लोकेन्द्रसिंह भण्डारीले चलाइरहेको प्रदेश ०३-०१-०२३ च ८७२१ नंको सिल्भर रङ्गको सुजुकी कारलाई भीमदत्तबाटै सोही कारमा खानिडाँडासम्मका लागि लिफ्ट मागी सवार तीनजना भारतीयले निज भण्डारीलाई कुटपिट गरी लुटपाट गरेका थिए।

निज भण्डारीलाई फोटो खिच्ने बहानामा सडकदेखि ५० मिटर तल लगी कुटपिट गरी आफूले प्रयोग गरेको गम्छा (कपडा) ले हातखुट्टा र मुख बाँधी निजका साथमा रहेको एक थान मोबाइल, एक थान पर्स र कारसमेत लगेर भारतीय नागरिक फरार भएको बताइएको छ।

मध्याह्न
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१४ असार २०७९, मंगलबार
28 June 2022, Tuesday

## सम्पादकीय

# दायित्व भूलेका दलहरू

विश्वव्यापी आर्थिक संकटको सम्भावित खतरासँगै किसान, विद्यार्थी, सामाजिक न्याय लगायत समस्या हल गर्न सरकार सफल देखिएको छैन । दक्षिण एसियाली मुलुक श्रीलंकाको संकटबारे नेपालले कुनैपनि शिक्षा लिएको पाइन्न । यदि त्यस्तो हुन्थ्यो भने सम्भावित संकटबाट बच्ने कदमतिर मुलुक अग्रसर भइसकेको हुने थियो । तर इन्धन खपत घटाउन भनेर हप्तामा दुई दिन सार्वजनिक विदा र कार्यघण्टा बढाउने निर्णयबाट सरकार पछि हटिसकेको छ । इन्धन खपत घट्नुपर्नेमा त्यसो हुन नसकेको, बरू सेवा प्रवाह भने प्रभावित बनेको निष्कर्षपछि सरकारले हप्तामा एकदिन सार्वजनिक विदाकै नीतिमा फर्किएको छ । किसानले मल नपाउने निश्चित भइसकेको छ भने विद्यार्थीहरूले शैक्षिक सत्र तेस्रो महिनामा कुदिरहँदा पुस्तक पाउन सकेको छैन । तर फेरि पनि मुलुक अर्को चुनावको तयारीमा जुटिसकेको छ ।

गएको ३० वैशाखमा स्थानीय चुनाव गराएको निर्वाचन आयोगले आगामी कात्तिक अन्तिम साता संघ र प्रदेशको चुनाव गराउन सकिने प्रस्ताव गरेको छ । आयोग भन्दा अगाडि दलहरू तातिसकेका छन् । स्थानीय चुनावमा आयोगले तान्दै दलहरूलाई मतदानसम्म लगेको थियो । तर संघ र प्रदेशको चुनावमा भने दलहरूको गतिविधि धेरै देखिएको छ । गैरदलीय उम्मेद्वारी दिन चाहनेहरू लगातार बढिरहेको छ । दलहरूले पनि कसरी चुनावमा भाग लिने र जितेर सरकारमा जाने भन्ने चिन्ता, चासो र बहस तीव्र बनाएका छन् । अहिलेकै सत्ता गठबन्धन टिकाउन सत्ता साझेदार दलहरूले प्रयत्न गरिरहेका छन् भने प्रमुख विपक्षी दल नेकपा एमाले आफ्नै नेतृत्वमा गठबन्धन निर्माणको प्रयास गरिरहेका छन् ।

नागरिकको आधारभूत समस्या बिर्सने हो भने पनि राजनीतिक नेतृत्वले भने आफ्नो दायित्व पूरा गर्न सकेको छैन । ०७२ को संविधान कार्यान्वयन गर्नपर्ने दायित्व बोकेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकार सफल हुन सकेन । प्रधानमन्त्रीको हैसियतमा केपी शर्मा ओलीले गैरसंवैधानिक निर्णय गरेर प्रतिनिधिसभा दुई पटक विघटनको निर्णय गरे । त्यसले राजनीतिक स्थीरता कायम हुन सकेन भने नेकपाको एकता जोगिएन । राजनीतिक अस्थिरता सिर्जना गर्‍यो । तर प्रतिनिधिसभा पुनर्स्थापना हुँदै नयाँ सरकारमार्फत राजनीतिक र संवैधानिक संकट भने टरेको छ । चुनावमार्फत् सामान्यकालमा मुलुक फर्कन आशा गर्न सकिन्छ । तर फेरि पनि गठबन्धन सरकारले नागरिकका आधारभूत काम बिर्सेर राजनीतिक स्वार्थ नजित काम गरिरहेको छ । सरकार गठन भएको वर्षदिन नपुग्दै मन्त्रिपरिषद् पुनर्गठन त्यसैको परिणाम हो ।

# विवाहमा समानताको अधिकार

*कानून समाजको चाहना र आवश्यकताअनुसार परिवर्तन भइरहनु पर्छ । त्यसैले यौनिक अल्पसंख्यकको विवाहको अधिकार सुनिश्चित गर्नका लागि राज्यले विवाह सम्बन्धी विद्यमान कानून परिवर्तन गरि विवाहमा समानताको अधिकार स्थापित गर्न ढिलो गर्नु हुँदैन ।*

**अग्रलेख**



● पदमराज जोशी

आफ्नो पहिचानसहित आत्मसम्मानपूर्वक बाँच्न पाउनु प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार हो । कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूतिअनुसारको लैंगिक पहिचान हासिल गर्नु निजको नितान्त वैयक्तिक आत्मनिर्णयको अधिकारको विषय पनि हो । हरेक व्यक्तिले आफ्नो विवाह कोसँग गर्ने र कति वर्षको उमेरमा गर्ने भन्ने कुरा उसको व्यक्तिगत कुरा हो । यसका कानूनले वा समाजले बन्देज लगाउन मिल्दैन । सर्वोच्च अदालतले महिला र पुरुष बाहेक अन्य लिङ्गी व्यक्तिहरुलाई यौन अभिमुखिकरणका आधारमा कुनै पनि भेदभाव गर्न नमिल्ने नजिरहरु प्रतिपादन गरेको छ । यसले नेपालमा यौनिक, लैङ्गिक अल्पसंख्यकको विवाह गर्ने अधिकारलाई पनि सम्मान गरेको छ । हाम्रो समाजमा महिला र पुरुषबिच हुने विवाहलाई मात्र मान्यता दिने गरिएको छ । तर, समाजमा यी दुई लिङ्ग बाहेकका व्यक्तिहरुको संख्या पनि ठूलो छ । उनीहरुलाई पनि कानूनले आफुले चाहेको व्यक्तिसँग विवाह गर्ने अधिकार छ ।

समलिङ्गीले पनि विवाह गर्न पाउनु पर्छ । यो आवाज नेपालमा पनि उठ्न थालेको छ । नेपाल परिवार नियोजन संघ, निलहिरा समाजलगायतका प्रजनन् तथा यौन अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरुले यो विषयमा पैरवी गर्न सुरु गरेका छन् । विवाह व्यक्तिको नितान्त व्यक्तिगत कुरा भएकोले उसले चाहेको लिङ्ग भएको व्यक्तिसँग मन मिलेपछि गर्न पाउनु पर्ने उनीहरुको मान्यता छ । संसारका थुप्रै विकशित देशहरुले पनि समलिङ्गी विवाहलाई मान्यता दिएका छन् । नेदरल्याण्ड, क्यानाडा, स्पेन, दक्षिण अफ्रिका, बेलायत, फ्रान्सलगायत संसारका थुप्रै देशहरुले विवाहमा समानताको अधिकार प्रदान गरेका छन् । अर्थात् त्यहाँ महिला र पुरुषबिच मात्र विवाह हुनुपर्ने भन्ने छैन । समलिङ्गीले पनि विवाह गर्न पाउछन् । नेपालको मुलुकी देवानी संहिता २०७४ को भाग ३ को दफा ६७ अनुसार पारिवारिक कानूनअन्तरर्गत विवाह सम्बन्धी व्यवस्थामा कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यवाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने छ । संहिताकै दफा ६९ ले प्रत्येक व्यक्तिलाई कानूनको अधिकनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुनेछ । विवाह जुनसुकै किसिमबाट भएको भएता पनि त्यस्तो विवाहलाई सार्वजनिक गर्नुपर्ने छ र प्रत्येक व्यक्तिको पारिवारिक जीवन अनतिक्रम्य हुनेछ भनिएको छ । तर, व्यवहारमा भने विवाहमा समानताको अधिकार स्थापित हुन सकिरहेको छैन । नेपाली समाजले समलिङ्गी विवाहलाई मान्यता प्रदान गरेको छैन ।



समलिङ्गी विवाहलाई दर्ता गरिँदैन । समलिङ्गीहरुले विवाह गरे पनि ती मध्ये एक जनाको मृत्यु हुन गएमा अर्कोले सम्पतीमा अधिकार स्थापित गर्न सक्दैन । यसका अलवा समलिङ्गी विवाहलाई कानूनी मान्यता नदिएकाले राज्यले प्रदान गर्ने कर छुटको सुविधा पनि समलिङ्गी विवाह गरेका दम्पतीले पाउदैनन् । जसका कारण समलिङ्गी विवाह गरेर बसेका थुप्रै जोडी राज्यले प्रदान गरेका अधिकारबाट समेत बञ्चित भएका छन् । राज्यले संख्याको आधारमा कानून बनाउनुभन्दा आवश्यकताका आधारमा आफ्ना नागरिकलाई अधिकार प्रदान गर्नुपर्छ । यौन अल्पसंख्यकहरु पनि यो देशकै नागरिक हुन् । उनीहरुलाई पनि अन्य नागरिकको जस्तै अधिकार चाहिन्छ भन्ने कुरा राज्यले बुझ्नु आवश्यक छ । एक दशक अगाडिसम्म नेपालमा महिला र पुरुष बाहेक तेस्रो लिङ्गीलाई नागरिकताको अधिकार थिएन । यौनिक र लैङ्गिक अल्पसंख्यकको अधिकारका क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरुको माग र पैरवीपछि सर्वोच्च अदालतले महिला र पुरुष बाहेकको लिङ्ग भएकालाई पनि नागरिकता प्रदान गर्नु पर्ने आदेश दिए पनि सरकार अन्य लिङ्ग भएकालाई पनि नागरिकता दिन बाध्य भएको हो । त्यसकै परिणाम स्वरूप अहिले पुरुष, महिलाका अलावा अन्य लिङ्गका व्यक्तिले पनि नागरिकता लिइरहेका छन् ।

> *विवाहमा समानताको अधिकार स्थापित गर्न पनि अधिकारकर्मीको संयुक्त पहल हुनु जरुरी छ । समलैङ्गिकता वा महिला-पुरुष बाहेकको यौनिक तथा लैङ्गिक अल्पसंख्यकको विद्यमानता वर्तमानको उपज होइन । यो परापुर्व कालदेखि नै अस्तित्वमा रहेको विषय हो । विवाह गर्न पाउनु व्यक्तिको मानव अधिकार हो ।*

त्यसैगरि विवाहमा समानताको अधिकार स्थापित गर्न पनि अधिकारकर्मीको संयुक्त पहल हुनु जरुरी छ । समलैङ्गिकता वा महिला-पुरुष बाहेकको यौनिक तथा लैङ्गिक अल्पसंख्यकको विद्यमानता वर्तमानको उपज होइन । यो परापुर्व कालदेखि नै अस्तित्वमा रहेको विषय हो । विवाह गर्न पाउनु व्यक्तिको मानव अधिकार हो । अन्तराष्ट्रिय मानव अधिकारसम्बन्धी महासन्धीहरुले विवाहलाई व्यक्तिको अधिकारको रूपमा मान्यता दिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रलगायतका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्ताबेजहरुले विवाहलाई विवाह गर्ने व्यक्तिको नैसर्गिक र नितान्त व्यक्तिगत मानव अधिकारको रूपमा स्वीकार गरेको छ । यौनिक तथा लैंगिक अल्पसंख्यकको विवाह मानव अधिकारको विषय हो । विवाह गर्ने, परिवार कायम गर्ने, तथा पारिवारिक जिवनयापन गर्ने व्यक्तिको स्वतन्त्रता हुनेछ र हरेक व्यक्तिको पारिवारिक जिवन अनतिक्रम्य हुने कुराको सुनिश्चितता गरिएको छ । यही परिवेशलाई मध्यनजर गरेर नेपालमा पनि समलिङ्गी विवाहलाई कानूनी मान्यता दिन सरोकारवालाले राज्यसँग माग गर्न थालेका छन् । समलिङ्गी विवाहलाई कानूनी मान्यता प्रदान गर्नका लागि दबाब दिन नेपाल परिवार नियोजन संघले 'विवाहमा समानताको अधिकार' परियोजना सुरु गरेको छ । आईपिपिएफको सहयोग र निल हिरा समाजको सहकार्यमा यो परियोजना अगाडि बढाइएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महासाखाका पूर्वनिर्देशक एवम् नेपाल परिवार नियोजन संघका महानिर्देशक डा. नरेशप्रताप केसी विवाहमा समानताको अधिकार स्थापित गर्नका लागि नेपाल सरकारले पनि समलिङ्गीलाई पनि विवाहको मान्यता प्रदान गर्नु पर्ने बताउछन् । यौनिक तथा अल्पसंख्यकको अधिकार स्थापना गर्न परिवार नियोजन संघले बिगत लामो समयदेखि पैरवी गर्दै आएको बताउँदै महानिर्देशक केसीले भविश्यमा पनि यो प्रसास निरन्तर रहने बताउछन् । 'कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्न उसको वैयक्तिक आत्मनिर्णयको अधिकार भएकाले विवाहमा समानताको अधिकार स्थापित हुनु पर्छ ।' महिला र पुरुषबिच हुने विवाहलाई मात्र नेपालमा कानूनी मान्यता प्रदान गरेको बताउँदै अब समलिङ्गी विवाहले पनि मान्यता पाउनु पर्नेमा डा. केसीको जोड छ । निल हिरा समाजकी कार्यकारी निर्देशक मनिषा ढकाल पनि डा. केसीसित सहमत छिन । महिला र पुरुष बाहेक अन्य लिङ्गी व्यक्तिहरुको यौन अधिकारलाई पनि सरकारले समान हैसियत दिनु पर्ने उनको मागछ । यस परिप्रेक्षमा समलिङ्गी विवाहलाई कानूनी मान्यता प्रदान गर्ने गरि कानूनमा सुधार गरिनु पर्ने परिवार नियोजन संघ पैरवी साखा प्रमुख जमुना सिटौलाको भनाई छ । सिटौलाको सुझाव छ, 'मुलुकी देवानी संहितामा फरक लिङ्गी वा समलिङ्गी विवाह वा अन्य लिङ्गको विवाहलाई समान मानी विवाहलाई व्यक्ति-व्यक्तिबिचको हुने सम्बन्धको रूपमा मान्यता प्रदान गर्नु अहिलेको आवश्यकता हो ।

कानून समाजको चाहना र आवश्यकताअनुसार परिवर्तन भइरहनु पर्छ । त्यसैले यौनिक अल्पसंख्यकको विवाहको अधिकार सुनिश्चित गर्नका लागि राज्यले विवाह सम्बन्धी विद्यमान कानून परिवर्तन गरि विवाहमा समानताको अधिकार स्थापित गर्न ढिलो गर्नु हुँदैन ।

## सामाजिक सञ्जाल



**- केशव दाहाल**

कुर्सीले नदेख्ने र कुर्सी देख्नै नपाउने लाखौं मान्छेहरू देशमा हाँसेर बाँचेकै छन्, उनलाई भने जाबो कुर्सी छोड्दा रूनुपर्ने । कुनै कुनै आँशुले दया हैन घृणा जगाउछन् । त्यसैले उनलाई मेरो सुझाव छ- कृपया कुबेलामा सुँक्क सुँक्क नगरेकै राम्रो ।



**- डम्मर खतिवडा**

गणेशमान, कृष्णप्रसादले जीवनको उत्तरार्धमा कांग्रेस परित्याग गरेकै हो । पुष्पलाललाई बाँचुन्जेल कम्युनिस्टहरूले गद्दार भनेकै हुन । सीपी, आरके, मोहनचन्द्रले एमाले, वैध, बाबुराम र बादलले माओवादी छोडेकै छन् । माधव-झलनाथ आज एमाले छैनन् । 'आफ्नो पार्टी' भन्नु पनि भ्रममात्रै रैछ, सबै समय-समयको खेल ।



**- बाबुलाल भण्डारी**

ठूला-ठूला बदमासी गर्नेहरू बडेराजा छन्, उनीहरूको संरक्षणमा लुट्नेहरू छोटेराजा भएका छन् । लुट्ने मौका अहिलेसम्म नपाएका कारणले बाध्यतामा इमानदार बन्नेहरू पनि केही छन्, जसले हल्ला गर्दैछन् । यी तीनैथरीबाट देश र जनताको भलो हुने कुराको आशा गर्नु नै व्यर्थ छ ।



**- हरिचन्द्र पाण्डे**

युक्रेनमा बसेर रूसलाई गिज्याईरहेका नेटो र अमेरिकाको भागाभाग भए झैं ताईवानमा लुकेर चीनमाथि गिद्देदृष्टी लगाइरहेको अमेरिका, ईयु र नेटोको पुच्छर लुकाएर भाग्ने पालो आउदैछ । चिनियाँ सेना झण्डा फहराउँदै ताइवानतिर अघि बढ्नुको आशय यही हो ।



**- कमल पौड्याल**

रामकुमारी र प्रेम आलेकै कारण नेकपा एस निर्णायक जन्म भएको हो । स्वाभाविक हो, ९ महिनामै यसरी अपमान हुँदा दुःख लाग्नु । के गर्ने माधवहरूले बुझेनन् । उता पुगेका १० भाइ त धुरूधुरू सिरानी भिजाउदै छन् रे विगत ९ महिनादेखि ।

# योग र पूर्वीय संस्कृति

**विचार**



● कलराज मिश्र

योग शब्द संस्कृत मूल 'युज'बाट आएको हो, जसको अर्थ एकता हो । योगसँग सम्बन्धित शास्त्रहरूमा योगलाई स्वस्थ जीवनको कला र विज्ञानसँग जोडिएको छ । यहाँ पहिलो पटक महर्षि पतञ्जलीले विभिन्न ध्यान-पारायण अभ्यासहरू आयोजना गरेर योग सूत्रहरू संहिताबद्ध गरेका थिए । वेदलाई अध्ययन गर्नुभयो भने त्यहाँ योगको परम्परा पनि भेटिन्छ । सृष्टिको प्रारम्भमा हिरण्यगर्भले योगको प्रचार गरेका थिए । पतञ्जलि, जैमिनी आदि ऋषि र ऋषिहरूले पछि यसलाई सबैको पहुँचयोग्य बनाए । योगलाई हामीले सुरुदेखि नै स्वस्थ शरीर र स्वस्थ दिमागअन्तर्गत एक आदर्श जीवनशैलीको रूपमा स्वीकार गर्दै आएका छौं । महर्षि अरबिन्दले योगको अभ्यासलाई समग्र जीवन दर्शनको लागि अति महत्वपूर्ण बताउनुभएको छ । हामी विश्वस्त भएर भन्न सक्छौं, योग चिकित्सा होइन, तर योग आत्म-विकासको सबैभन्दा ठूलो माध्यम हो । भौतिकताको दौडमा मन निरन्तर भड्किरहेको अवस्थामा मानसिक शान्ति र सन्तुष्टिको लागि योग निकै उपयोगी छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पहलमा युनेस्कोले यो महान् परम्परालाई विश्वका लागि उपयोगी मान्दै विश्व योग दिवस घोषणा गरेको हो । यो हाम्रो परम्परा र संस्कृतिको विश्वव्यापी स्वीकृति पनि हो ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Govt. Lic. No.: 519/061/062

**G.C.D. WORLDWIDE PVT. LTD.**
Simangal-09, Kathmandu, Nepal
Tel: 01-4986339
Email:Gcdworldwide2@gmail.com



## MALAYSIA मा रोजगार

कम्पनी: STEP FURNITURE MANUFACTURER SDN. BHD.
शहर : SELENGOR

पूर्व स्वीकृत मिति: २०७९/०३/१३ चलानी नं.: ६०१८१९१९ LT. No.: 265960

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २१ गते (5 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic No. 1395/074/075

**KAMKHYA OVERSEAS Pvt. Ltd.**
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4473943, 9851071362, 9851225335
Email : kamakhyaoverseas@gmail.com, Web.: www.kamakhyaovs.com

# बक्स अफिस समाचार

## नेशनल बक्स अफिस म्युजिक भिडियो अवार्ड सम्पन्न, क–कसले पाए अवार्ड ?

**काठमाडौं/मस–** १६ औं संस्करणको 'नेशनल बक्स अफिस म्युजिक भिडियो अवार्ड २०७९' सम्पन्न भएको छ । बक्स अफिस इन्टरनेशनल ग्रुपको आयोजनामा सूचना तथा सञ्चार प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको प्रमुख आथित्यमा नेशनल बक्स अफिस म्युजिक भिडियो अवार्ड सम्पन्न भएको हो ।



नेपाली गीत संगीतका पुराना धरोहराहरुको गरिमामय उपस्थितिमा सम्पन्न भएको अवार्डमा कुल ३४ सय गीत संगीतलाई पछि पार्दै आधुनिक सुगम संगीतमा वर्षकै बुलन्द गीत 'टाढा भएपनि' म्युजिक भिडियो उत्कृष्ट बन्न सफल भएको छ। सर्वाधिक सफल यस म्युजिक भिडियोबाट संगीतकारमा उर्गेन दोङ, गायिकामा अस्मिता अधिकारी, पुरुष मोडलमा पल शाह, महिला मोडलमा मल्लिका महतले अवार्ड प्राप्त गर्न सफल भएका छन् ।

त्यसैगरी वर्षको उत्कृष्ट गायकमा 'तिम्रो मन बदलिएछ'बाट यश कुमारले बाजी मारे । सहभागी ३४ सय गीत संगीतलाई पछि पार्दै 'हजुर मुसुकै' गीतको भिडियोबाट उत्कृष्ट सम्पादनमा दिर्घ खड्का, नृत्य निर्देशकमा कबिराज गहतराज, कला निर्देशमा राजु पेन्टर, प्रोडक्सन डिजाइनरमा सुभाष काफ्ले, छायांकारमा सञ्जय लामा, मेकअपम्यान तर्फबाट सन्तु तामाङ र नव यायक कृष्ण बिकले अवार्ड हासिल गर्न सफल भए ।

त्यसैगरी आधुनिक सुगम संगीतको तर्फबाट गीतकारमा दर्पन राईले 'तिमले बाटो फेरेउ अरे'बाट अवार्ड पाएका छन् भने नृत्य निर्देशन विधामा 'सिरफुल'बाट अजय स्याङतानले अवार्ड प्राप्त गरेका छन् ।

वरिष्ठ गायिका तथा निर्माता सत्यकला राई, निर्देशक उदय सुब्बा, गीतकार मीनसागर लामा, निर्माता तथा प्रोडक्सन डिजाइनर सुरज आचार्य, निर्देशक मधुसूदन भट्टराई, मिलन आले मगर, दिनेश पौडेल, रामभक्त श्रेष्ठ, निर्माता तथा छायांकार प्रधुम्न्न मिश्र, चलचित्र सम्पादक तारा थापा किन्भे, मान बहादुर थापा, कलाकार तुलसी प्रसाद श्रेष्ठको जम्बो टोली जुरी रहेको बक्स अफिस म्युजिक भिडियो अवार्डमा चलचित्र तर्फबाट 'म यस्तो गित गाउछु २' गीत संगीतले बाजी मारेको छ। गत वर्ष प्रदर्शनमा आएका २१ वटा चलचित्रका गीत संगीतलाई पछि पार्दै उक्त चलचित्रको शीर्ष गीत 'तिम्रो घरको वरिपरी'बाट अर्जुन पोखरेल उत्कृष्ट संगीतकारको अवार्ड पाउन सफल भए भने यसै गीतबाट नायिका पुजा शर्मा, छायांकारमा सौरभ लामा, नृत्य निर्देशनमा रामजी लामिछाने र कलरकनेक्सनमा रेनिक्स फागुले अवार्ड पाउन सफल भए ।

त्यसैगरी राष्ट्रिय गीततर्फ 'त्यही सच्चा नेपाली' बोलको गीतबाट रोशनी केसीले अवार्ड प्राप्त गरेकी छन् भने राजकुमार दर्जी 'मेरो देश'बाट उत्कृष्ट नृत्य निर्देशनको अवार्ड पाउन सफल भए । गीतकारमा बेलायतबाट बनेको सन्तकुमार राईको 'हामी गोर्खाली'ले अवार्ड प्राप्त गरेको छ ।

त्यस्तै प्रवास म्युजिक भिडियो अवार्डतर्फ 'सुन सानो कथा'बाट निर्देशकमा जनकदिप पराजुली, प्रोडक्सन डिजाइनरमा शंकर पाण्डे र मोडलमा रोजी पन्त आर्यन सिग्देल अवार्ड पाउन सफल भए। त्यसैगरी धार्मिक म्युजिक भिडियोमा नारायणबाबू कोइरालाले 'हरहर महदेव'बाट अवार्ड पाउन सफल भए । त्यसैगरी 'हरहर माहादेव'बाटै निर्देशकमा जीवन शाही अवार्ड पाउन सफल भए । छायांकन, सम्पादन र नृत्य निर्देशनमा पनि सोही गीतले बाजी मार्‍यो । शैलेन्द्र मुडभरले 'हामी कृष्ण प्रणामी'बाट उत्कृष्ट गायकको अवार्ड पाउन सफल भएका छन् । उता थारु म्युजिक भिडियो अन्तरगत अहिलेसम्म १५० गीत भन्दा धेरै गीतसंगीत लेखी राष्ट्रिय सम्मान प्राप्त गरिसकेका समीर खानले मिथिला 'हामारी ज्यान'बाट गीतकारमा आफूलाई अब्बल सावित गरे । त्यस्तै धार्मिक गीत 'जय श्री राधे'बाट कलाकार सुमन गिरीले (भान्जा) उत्कृष्ट चरित्र अभिनेताबाट अवार्ड प्राप्त गरे ।

त्यसैगरी कार्यक्रममा बक्स अफिस रजत जयन्ती संगीत सम्मानमा पुराना स्रष्टा जनकवि वरिष्ठ गीतकार दुर्गाप्रसाद श्रेष्ठ, वरिष्ठ चलचित्र निर्देशक तुलसी घिमिरे, वरिष्ठ गायिका भारती उपाध्याय, वरिष्ठ गायिका ज्ञानु राणा, वरिष्ठ गीतकार निर्माता तथा चलचित्र विकास बोर्डका निवर्तमान अध्यक्ष दयाराम दाहाललाई प्रमुख आतिथिको हातबाट सम्मानित गरिएको थियो । प्रमुख अतिथिकै हातबाट अग्रज सुवेदी पत्रकारिता दीर्घ सम्मानमा कृष्ण भुसाल, गोपी कृष्ण चापागाईं, मनिष दाहाल सम्मानित भएका थिए भने कुमार आचार्यलाई नगद रु २५ हजारसहित सम्मान गरिएको थियो ।

विविध सांस्कृतिक कार्यक्रमसहित आयोजित १६ औं बक्स अफिस म्युजिक भिडियो अवार्ड २०७९ मा शम्भुजित बास्कोटा, कलाकार संघका अध्यक्ष रबिन्द्र खड्का, गीतकार सुन्दर श्रेष्ठ, हास्य कलाकार जितु नेपाल, ज्ञानेन्द्र देउजा, सुवास गजुरेल, किसान पोखेल लगायतको उपस्थिति रहेको थियो। नेशनल बक्स अफिस म्युजिक भिडियो अवार्डमा लोक दोहोरी गीत संगीत अवार्ड भने छुट्टै गरिने अवार्ड अध्यक्ष आरके सुवेदीले जानकारी दिए ।

## नेशनल क्यापिटल अवार्ड कार्यक्रममा विभिन्न व्यक्तित्व सम्मानित




**काठमाडौं/मस–** आइतबार राजधानीमा सम्पन्न आठौं नेशनल क्यापिटल अवार्ड २०७८ बाट गायिका दुर्गा खरेल र गायक राजकुमार सिंह सर्वोत्कृष्ट गायक गायिका ठहरिएका छन् । गायिका खरेलले नथिया गीतबाट सर्वोत्कृष्ट गायिकाको अवार्ड पाएकी हुन् भने गायक सिंहले बलेको आगो गीतबाट अवार्ड हात पार्न सफल भएका हुन् ।

कार्यक्रममा नथिया गीतबाट नै संगीतकार अर्जुन पोखरेलले पपुलर संगीतकार अफ दि इयरको अवार्ड पाए । अवार्डमा वरिष्ठ संगीतकार शम्भूजित बास्कोटालाई लाइफटाइम अचिभमेन्ट अवार्ड प्रदान गरिएको थियो ।

त्यस्तै मनोहर सुनामलाई दशकको संगीतकारको सम्मान प्रदान गरियो । राष्ट्रिय दैनिक मध्यान्हकर्मी पत्रकार सानुकाजी श्रेष्ठलाई पत्रकारिता रजत सम्मान २०७८ प्रदान गरियो भने पत्रकार एमपी सुब्बालाई राष्ट्रिय पत्रकारिता सम्मान अर्पण गरिएको थियो । त्यस्तै गायक अमृत खाती र गायिका सीता केसीलाई राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गरियो ।

पूर्व सञ्चार तथा सुचना प्रबिधि मन्त्री पार्वत गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको आयोजक संस्थाका अध्यक्ष मनोज निर्दोषले सभापतित्व गरेका थिए । कला, गीतसंगीतका विविध विधामा अवार्ड तथा सम्मान बितरण गरिएको कार्यक्रमको संयोजन सञ्चारकर्मी सविता पोखरेलले गरेकी हुन् ।

## सिद्धार्थ र जुनालाई उपाधि



**काठमाडौं/मस–** 'मिस्टर एण्ड मिस एसईई सुपर मोडल, २०२२' को शीर्ष उपाधि सिद्धार्थ तामाङ र जुना श्रेष्ठले जितेका छन् । एभरेष्ट इभेन्टसद्वारा हालै राजधानीमा आयोजित कार्यक्रममा उनीहरुले उपाधिसँगै ५० हजार रुपैयाँ, उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति, एभरेष्ट फिल्म एकेडेमीमार्फत करिब एक लाख बराबरको छात्रवृत्ति, नेपाल एयरहोस्टेस एकेडेमीमार्फत एयरहोस्टेस अध्ययन छात्रवृत्तिसँगै अन्य विभिन्न आकर्षक उपहार पाए।

त्यस्तै काबेल लम्साल र अलिशा वाइबा तामाङ 'फस्ट रनरअप', विनय राई र आकृति पोखरेल 'सेकेन्ड रनरअप' भएका छन् । विधागत तर्फ ग्लोबल अनलाइन पेमार्फत गरिएको अनलाइन भोटिङमा सर्वाधिक भोट प्राप्त गर्दै शीर्षक नेपाल, न्यिमा वाङ्मो र प्रेशिका मल्ल ठकुरीले 'मस्ट पपुलर'को अवार्ड हात पारे । अविलेख राव र लसता मानन्धर 'अर्गनाइजर च्वाइस', 'मिङ्मा शेर्पा' र जेनिया गुरुङ 'ब्राण्ड एम्बासडर' र पुजा थापा 'ब्युटी वीथ ब्रेन' घोषित भए ।

सुगन्धा अधिकारी र आर्शु महर्जनको कोरियोग्राफी रहेको उक्त प्रतियोगितालाई रोजिन शाक्यले सञ्चालन गरेका थिए । निर्णायकमा नायक तथा मोडल दिक्पाल कार्की, सिल्भरस्टारका सिईओ, कोरियोग्राफर सनिश शाक्य, नायिका तथा मोडल प्रियारानी लामा, मेकअप आर्टिस्ट निलिमा पौडेल, अभ्यानी प्रोडक्सनका सिईओ अभिबिन्द खनिया र जीएसके भर्साटाएलकी सञ्चालिका तथा फेशन डिजाइनर गोमा तिवारी रहेका थिए ।

आयोजक संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्ण श्रेष्ठले एसईई परीक्षा दिएर बसेका छात्रछात्राहरुको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, अध्ययनमा सहयोग पुऱ्याउने तथा नेतृत्वदायी क्षमताको विकास गर्दै उज्ज्वल भविष्य निर्माणमा मद्दत पुऱ्याउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए ।

## चलचित्र क्षेत्रका समस्याबारे अन्तरक्रिया

**काठमाडौं/मस–** नेपाल चलचित्र कलाकार संघको आयोजनामा आइतबार नेपाली चलचित्र क्षेत्रको समस्या र चलचित्रकर्मीहरूको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । संघका अध्यक्ष रबिन्द्र खडकाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा चलचित्र विकास बोर्डका सदस्य सचिव टंक महतले बोर्ड समग्र चलचित्र उद्योग र चलचित्रकर्मीहरूको उत्थानका लागि प्रयासरत रहेको बताउँदै छिट्टै प्रभावकारी चलचित्र नीति ल्याउनेबारे कार्य गरिरहेको बताए ।

कार्यक्रममा चलचित्रकर्मी मोहन निरौला र संचारकर्मी शान्तिप्रियले तयार गरेको अवधारणा पत्र मोहन निरौलाले वाचन गरेका थिए । अवधारणा पत्रमा अधिवक्ता कृष्ण ढुंगाना, संचारकर्मी कृष्ण भट्टराई, संगीतकार सन्तोष श्रेष्ठ र संचारकर्मी डब्बु क्षेत्रीले टिप्पणी गरेका थिए ।

बोर्डका पूर्वअध्यक्ष दयाराम दाहालले बोर्डले महामारीको मारमा परेका चलचित्रकर्मीहरूलाई थोरै भए पनि राहत दिएको थियो र आफ्नो कार्यकालमा चलचित्रकर्मीहरूको उत्थान र प्रोत्साहनका लागि स्टोरी बैंकको अवधारणा कार्यान्वयनमा ल्याएको बताए ।

अभिनेता गोपाल ढकालले सहजीकरण गरेको कार्यक्रममा अभिनेता कृष्ण मल्ल, भुवन केसी, लय संग्रौला, निर्माता संघका अध्यक्ष आकाश अधिकारी, निर्देशक समाजका माहासचिव जनकदीप पराजुली, चलचित्र संघका पूर्वअध्यक्ष प्रदिप उदय लगायतका वक्ताहरूले चलचित्र कलाकार संघले चलचित्र कलाकार र उद्योगका प्रबर्द्धनका लागि आवाज उठाउँदै आएको स्मरण गर्दै अबिलम्ब चलचित्र नीति निर्माण भएको भएको भए कार्यान्वयनमा ल्याउनु पर्ने नभए निर्माण गरिनु पर्नेमा जोड दिए । वक्ताहरूले विदेशी चलचित्रको प्रदर्शनमा मापदण्ड बनाई नेपाली चलचित्र प्रदर्शनलाई विशेष प्रथमिकता दिनुपर्नेमा जोड दिए

**कतारमा रोजगार** | १. कम्पनी: BARAHAT MSHEIREB HOTEL, LLC
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७९/०३/१३ चलानी नं.: ६०१८१९६४ L.T. No.: 265992

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HOTEL SERVICES | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2300 | ७८,५२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cooker | 1 | 0 | | 1800 | ६१,४५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २१ गते (5 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FutureLink
Future Link International Pvt. Ltd.
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

**MALAYSIA मा रोजगार** | Company : Distinctive Fine Furniture SB
City: Malaysia

पुर्व स्वीकृत मितिः २०७९/०३/१३ चलानी नं.: ६०१८१९६१ LT. No.: 265781

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २१ गते (5 July 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वेदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DOS Link
DOS LINK PVT. LTD.
Govt .Lic No. 991/067/068
Samakhushi-29 Kathmandu, Tel : 4360929, 4360780, Fax: 4360780
Email-Doslink991@gmail.com Website-doslinkoverseas.com

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रदेश नं. १**

### स्वास्थ्य निर्देशनालय

## संखुवासभा अस्पताल, संखुवासभा

**खाँदबारी**

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०३/१४**

यस संखुवासभा अस्पताल, संखुवासभाद्वारा मिति २०७९/०२/०५ गते प्रकाशित भएको बोलपत्र सूचना अनुसार तोकिएको म्यादभित्र दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु मध्ये प्राविधक तथा आर्थिक प्रस्तावको मूल्यांकन गर्दा तपसिल बमोजिमको दरभाउपत्रहरुको न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारीस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का संकेत नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम, ठेगाना | कबोल अंक(मू.अ.कर बाहेक) | बोधार्थ |
|---|---|---|---|---|---|
| १ | SHS/SQN/GOODS/02/078/079 | Supply and Installation of Digital Radiography (DR) System | श्री क्यापिटल इन्टरप्राइजेज, ललितपुर | रु. ३१,००,०००.०० (अक्षेरुपी एकतिस लाख मात्र) | श्री निक्की डिस्ट्रीब्युटर्स, धरान |
| २ | SHS/SQN/GOODS/03/078/079 | Supply and Installation of Fully Automatic CLIA Machine | श्री अनिता ट्रेड सेन्टर, विराटनगर | रु. ३९,००,०००.०० (अक्षेरुपी उन्नचालिस लाख मात्र) | श्री भण्डारी सर्जिकल हाउस, काठमाडौं<br>श्री बि.एस.आर बायोटेक, काठमाडौं<br>श्री एम.एस. बायोमेड ट्रेडर्स, विराटनगर |
| ३ | SHS/SQN/GOODS/04/078/079 | Supply and Installation of Automatic Laundry Washing Machine with Dryer | श्री निक्की डिष्ट्रीब्युटर्स, धरान | रु. १७,२५,०००.०० (अक्षेरुपी सत्र लाख पच्चिस हजार मात्र) | |

**निमित्त मेडिकल सुपरीटेन्डेन्ट**
**संखुवासभा अस्पताल, संखुवासभा**

# क्यानडा जाने नेपाली टोलीको बिदाइ



**काठमाडौं/मस–** विश्वकप क्रिकेट लिग-२ को तयारीका लागि क्यानडा जाने नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई आज बिदाइ गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान)का पदाधिकारी र राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङले सफलताको शुभकामना दिँदै टोलीलाई सोमबार बिदाइ गरे ।

नेपालले क्यानडासँग दुईवटा एकदिवसीय क्रिकेट खेल्नेछ भने क्यानडाको स्थानीय क्लबसँग पनि एक खेल खेल्ने कार्यक्रम तय भएका छ । क्यानडा भ्रमण सकिएलगत्तै नेपाली टोली त्यहीँबाट स्कटल्यान्ड जानेछ ।

स्कटल्यान्डमा नेपालले विश्वकप क्रिकेट लिग दुईअन्तर्गत त्रिकोणात्मक एकदिवसीय सिरिज खेल्नेछ । स्कटल्यान्डमा नेपालले घरेलु टोलीसँग दुई र नामिबियासँग दुई गरी लिग-दुईको चार खेल खेल्नेछ । विश्वकप लिग दुईको अंकतालिकामा नेपाल पाँचौँ स्थानमा छ । नेपालले यसअघि खेलेको १६ खेलमा सात खेलमा जीत, आठ खेलमा हार र एक खेल बराबरीसहित १५ अंक जोडेको छ । स्कटल्यान्ड भने अंक तालिकाको दोस्रो स्थानमा छ । २० खेल खेलेको स्कटल्यान्ड २८ अंकका साथ दोस्रो स्थानमा छ । १४ खेल खेलेको नामिबिया अंक तालिकाको छैटौं स्थानमा छ । नामिबियाले सात खेलमा जीत तथा सात खेलमा हार बेहोरेको छ ।

बिदाइ कार्यक्रममा क्यानका अध्यक्ष चतुरबहादुर चन्दले लिग दुईअन्तर्गत स्कटल्यान्डसँगको खेल चुनौतीपूर्ण रहेको भन्दै खेलाडीलाई राम्रो गर्न शुभकामना दिए । त्यस्तै कप्तान सन्दीप लामिछानेले क्यानडाको वातावरण स्कटल्यान्डको जस्तै हुने भएकाले यस भ्रमणले लिग-२ का लागि उपयोगी हुने बताए । उनले क्यानडामा टिम बलियो बनाएर स्कटल्यान्ड जानेसमेत उल्लेख गरे ।

क्यानले क्यानडा र स्कटल्यान्ड भ्रमणका लागि सन्दीप लामिछानेको कप्तानीमा १४ सदस्यीय टोलीको यसअघि नै घोषणा गरिसकेको छ । नेपाली टोलीमा कप्तान सन्दीप लामिछानेसहित रोहित पौडेल, कुशल भुर्तेल, आरिफ शेख, देव खनाल, दीपेन्द्र सिंह ऐरी, आशिफ शेख, करण केसी, सोमपाल कामी, आदिल अन्सारी, वासिर अहमत, किशोर महतो, पवन सरार्फ र विनोद भण्डारी छन् । नेपाली टोली मंगलबार बिहान २ बजे क्यानडा जाँदैछ ।

# 'जितेको खेल नखेली आउनु पर्दा दुःख लाग्यो'



**काठमाडौं/मस–** अन्तर्राष्ट्रिय प्रतियोगितामा औपचारिक सहभागितामै सीमित हुने गरेको नेपाली राष्ट्रिय महिला टोली मलेसियामा सम्पन्न एसीसी महिला टी-२० च्याम्पियन्ससिपमा अभागी टोली बन्यो । एसिया कपमा स्थान बनाउने खुड्किलो एक कदम मात्र पछि थियो । वर्षा बाधक बनिदियो । अस्मिना कर्माचार्यको ५ विकेटको तारिफयोग्य बलिङ शुभ संकेत भए पनि वर्षा बाधक बन्दा एसिया कप यात्रा टुङ्गियो ।

सम्मुखकै उपाधि गुमाउँदा खेलाडी निराश भए पनि प्रदर्शनमा भने सन्तुष्ट छन् । सोमबार स्वदेश फर्किपछि सञ्चारकर्मीसँग बोल्दै नेपाली टोलीकी कप्तान रुबिना क्षेत्रीले अझै राम्रो गर्न सकिने भन्दै खेलाडीलाई धेरै भन्दा धेरै अभ्यास खेलको खाँचो रहेको बताइन् ।

उपाधि ल्याउने वाचासहित मलेसिया गएको टोलीले अपेक्षा अनुसारको प्रदर्शन गरे पनि वाचा पूरा हुन सकेन । उपाधि ल्याउने लक्ष्य यसपालि पनि धकेलियो । बलिङ इनिङमा न्याय भए पनि ब्याटिङ इनिङमा प्रकृतिले नेपाललाई अन्याय गर्‍यो । दुर्भाग्य नेपालको एसिया कप खेल्ने लक्ष्य वर्षाले नै मडारिदियो । नेपाली टोलीकी कप्तान रुबिना क्षेत्रीले जितेको म्याच नखेली आउनुपर्दा दुःख लागेको बताइन् ।

टोलीमा अहिले केही अनुभवी, राम्रो मिडल अर्डर र केही नयाँ प्रतिभावान खेलाडीसहितको मिश्रित टोली भएको भन्दै कप्तान रुबिना क्षेत्रीले निरन्तरको अभ्यास र धेरै प्रतियोगितामा अवसर भए नेपाली महिला क्रिकेट टोली अगाडि बढ्ने बताइन् । यस्तै जादुमय बलिङ गरेकी अस्मिना कर्माचार्यले पनि भ्रमण राम्रो अनुभव लिने अवसर भएको र आगामी दिनमा अझै राम्रो गर्नका लागि संघले कार्यक्रम राखेर प्राथमिकता दिनुपर्ने बताइन् ।

यता मुख्य प्रशिक्षक जगत टमाटाले मुखमै आएको खेल गुमाउनु परेको भन्दै जिम्मा आफूले लिने बताए । एसीसी र आईसीसीले आयोजना गर्ने यस्ता ठूला प्रतियोगितामा कम्तीमा पनि रिजर्भ डेको आवश्यक पर्ने भए पनि नराखेमा गुनासो गरे। समग्रमा सबै पक्षमा राम्रो प्रदर्शन गर्दागर्दै पनि अपेक्षा अनुसार नतिजा आउन नसक्नु दुर्भाग्य भएको मुख्य प्रशिक्षक जगत टमाटाले बताए ।

मुख्य प्रशिक्षक टमाटाले पनि कप्तान रुबिनाले भने जस्तै धेरै भन्दा धेरै प्रतियोगितामा अवसर पाए नेपाली महिला क्रिकेट टोली दुई वर्षमा छलाङ मार्ने बताए ।

च्याम्पियनसिपमा १० टोलीले सहभागिता जनाएका थिए । पाँच/पाँच राष्ट्रलाई दुई समूहमा विभाजन गरी गराइएको प्रतिष्पर्धामा नेपाल समूह बीमा रहेको थियो । चार खेलमध्ये नेपालले तीन खेलमा जित र एक खेलमा हारबाट समूह उपविजेताको रुपमा अन्तिम चारमा प्रवेश गरेको थियो । समूह ए को विजेता युएईसँगको खेल वर्षाका कारण अवरुद्ध हुँदा समूह विजेताको आधारमा युएई फाइनल पुग्दा नेपालको एसियाकप यात्रामा पूर्णविराम लागेको थियो ।

# एनआरटीको टोली मलेसिया प्रस्थान

**काठमाडौं/मस–** मलेसियाको पेनाङमा हुने टिवाइसी कप खेल्न जाने ३० सदस्यीय टोलीलाई न्युरोड टिम एनआरटीले सोमबार बिदाइ गरेको छ। एनआरटीले मलेसियाको पेनाङमा २८ जुनदेखि दुई जुलाईसम्म हुने प्रतियोगितामा मलेसियाको सुपर लिग क्लब पेनाङ एफसी र इन्डोनेसियाको लिग टू क्लब कारोसँग प्रतिस्पर्धा गर्नेछ ।

प्रतियोगिताअन्तर्गत एनआरटीले ३० जुनमा कारो एफसी र २ जुलाईमा पेनाङ एफसीसँग प्रतिस्पर्धा गर्ने छ। लिगको अंकको आधारमा विजेता र उपविजेता टोलिको टुङ्गो लाग्ने छ ।

एनआरटी सोमबार राति पौने नौं बजे नै मलेसिया प्रस्थान गर्ने क्लबले जानकारी दिएको छ। मलेसिया र थाइल्यान्ड भ्रमणका लागि एनआरटीले पाँच विदेशी खेलाडी सहित ३० सदस्यीय टिम प्रस्थान गरेको हो ।

यस्तै एनआरटीले रन्जित धिमाल, विशाल राई, सुभाष गुरुङ, छिरिङ गुरुङ, संजोक राई र रुमेश वर्तौलालाई अन्य क्लबबाट अनुबन्धन गरेको छ ।

एनआरटी टिममा रन्जित धिमाल (कप्तान) टोलो जे वेर्ढन्ट लान्ड्री, पुजन होना, आन्द्रे थिएरी वियिक वियिक, सरोज तामाङ, गौरव श्रेष्ठ, छिरिङ गुरुङ, सनम लिम्बु, विशाल राई, सुवास गुरुङ, विशाल तामाङ, अशोक थापा, मेसुके ओलोमोउ, निकोलस फर्नान्डेस, दिपेश घले, कृतिस रत्न छुन्जु, सन्जिब विष्ट, स्टेफेन समिर, सन्जोग राई, रुमेश बर्तौला र बिक्रम धिमाल रहेका छन् ।

# पाण्डेको नियुक्ति विधान विपरीत छैन : एन्फा

**काठमाडौं/मस–** अखिल नेपाल फुटबल संघ (एन्फा)ले अन्तर्राष्ट्रिय विभाग प्रमुखमा नवीन पाण्डेलाई नियुक्त गर्दा विधान नमिचेको बताएको छ । बुढानीलकण्ठस्थित पार्क भिलेजमा ६ असारमा भएको एन्फाको चुनावी साधारण सभाले पंकज विक्रम नेम्वाङलाई नयाँ अध्यक्षमा घोषणा गरेको थियो। दुई दिनपछि शपथसँगै बसेको एन्फाको कार्यसमिति बैठकले पाण्डेलाई अन्तर्राष्ट्रिय सम्बन्ध प्रमुखमा नियुक्ति गरेको थियो ।

जर्मन नागरिक पाण्डेको नियुक्तिसँगै चौतर्फी आलोचना भएपछि एन्फाले सोमबार सूचना जारी गर्दै स्पष्टोक्ति दिएको हो ।

'पाण्डेको नियुक्तिलाई लिएर उठेका केही सवालहरूबाट यस संघको ध्यानाकर्षण भएको छ। सो निर्णय दाबी गरे अनुरूप विधान विपरीतको नभएको जानकारी गराउन चाहन्छौं । पाण्डेले यस संघबाट कुनै तलब सुविधा नलिई स्वैच्छिकरुपमा सो पदमा रहने कुरा पनि जानकारी गराउन चाहन्छौं ।' विज्ञप्तिमा भनिएको छ ।

यस्तै विधानको धारा २४ को ३ र क मा स्पष्टसँग 'गैर नेपाली नागरिक एन्फा, वा प्रदेश फुटबल संघ वा जिल्ला फुटबल संघमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन भनेर व्याख्या गरिएको र फुटबलको विकासका लागि मुख्य प्रशिक्षक, प्रशिक्षक लगायत अन्य फुटबल प्राविधिक र अन्तर्राष्ट्रिय सम्बन्ध सुधार र गतिविधिका लागि विदेशी नागरिकलाई प्रयोग गर्ने अन्तर्राष्ट्रिय प्रचलन रहेकाले कार्यसमितिको त्यो निर्णयले विधान नमिचेको पनि सूचनामा एन्फाले उल्लेख गरेको छ । एन्फाको अन्तर्राष्ट्रिय प्रमुख भएसँगै पाण्डे भने आइतवार नै जर्मन प्रस्थान गरिसकेका छन् ।

# आयोजक नेक्सस फाइनलमा



**काठमाडौं/मस–** आयोजक नेक्सस क्रिकेट एकेडेमी यु-१६ नेक्सस कप टी- २० क्रिकेट सिजन ५ मा सोमबार फाइनलमा प्रवेश गरेको छ । बाग्मती प्रदेश खेलकुद विकास परिषद्को सहकार्यमा भइरहेको प्रतियोगिताको सेमिफाइनलमा नेक्ससले ग्रेट हिमालय क्रिकेट एकेडेमी (जिएचसीए), ललितपुरलाई २८ रनले पराजित गर्‍यो ।

जिएचसीएले टस जित्दै फिल्डिङ गर्ने निर्णय गरेको थियो । मूलपानी क्रिकेट मैदानमा नेक्ससले पूरै २० ओभर खेल्दै अलआउट हुनुअघि ११० रन बनायो । नेक्ससका उत्तम थापा मगरले १ चौका र २ छक्का मद्दतमा ४५ बलमा ४४ तथा रोहन साहले २ छक्का सहयोगमा ४७ बलमा ३३ स्कोर गरे । जिएचसीएका अजय यादव र रुपेश यादवले २-२ विकेट लिए ।

जिएचसीए १८.२ ओभरमा ८२ रनमा अलआउट भयो । जिएचसीएका लक्की कठायतले १७ रन बनाए । 'म्यान अफ द म्याच' नेक्ससका रोहन साहले ३ विकेट हात पारे ।

उपाधिका लागि नेक्ससले मंगलबार अपन राधेमाई युवा क्लबसंग खेल्ने छ । आइतबार भएको सेमिफाइनलमा राधेमाईले कैलालीको घोडाघोडी क्रिकेट एकेडेमीमाथि ९० रनको सहज जित दर्ता गर्दै फाइनल पुगेको थियो ।

# खुला महिला भलिबल आजदेखि




**काठमाडौं/मस–** बाग्मती प्रदेश खेलकुद विकास परिषद् तथा न्यु डायमन्ड स्पोर्ट्स क्लबको संयुक्त आयोजनामा बाग्मती प्रदेश न्यु डायमन्ड कप खुला महिला भलिबल प्रतियोगिता मंगलबारदेखि हुने भएको छ । प्रतियोगितामा न्यु डायमन्डसहित नेपाल एपीएफ क्लब, नेपाल प्रहरी क्लब र काठमाडौंको परोपकार आदर्श मावि गरी ४ टिमको सहभागिता रहने प्रतियोगिता संयोजक कुमार राईले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए । सहभागी टिमबीच पहिले राउन्ड रोविन लिगका आधारमा खेल हुने छ । राउन्ड रोविनमा शीर्ष दुई स्थान हात पार्नेले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन् । तेश्रो र चौथोले तेश्रो स्थानका लागि खेल्ने छन् ।

शीर्ष चार स्थान हात पर्ने टिमले क्रमशः ५ लाख, २ लाख ५० हजार, १ लाख २५ हजार र ७५ हजार नगद पुरस्कार प्राप्त गर्ने छन् । सर्वोत्कृष्ट खेलाडीले २५ हजार नगद पुरस्कार प्राप्त गर्दा विधागत ५ उत्कृष्ट खेलाडी र उत्कृष्ट प्रशिक्षकलाई जनही १० हजार नगद पुरस्कार प्रदान गरिने छ ।

प्रतियोगिता आयोजना गर्न करिब ४० लाख रुपैयाँ खर्च हुने बताइएको छ । आयोजकले ५०/५० प्रतिशत रकम व्यहोर्ने छन् । प्रतियोगिता आयोजनाको मुख्य उद्देश्य मध्ये एक न्यु डायमन्डको भलिबल कोर्ट निर्माण गर्न सहयोग जुटाउनु पनि हो । नगद पुरस्कार प्राप्त गर्ने टिमले २० प्रतिशत न्यु डायमन्डलाई उपलब्ध गराउनु पर्ने प्रावधान रहेको छ । टिकटको शुल्क नराखिएपनि दर्शकले कोर्ट निर्माणका लागि आफ्नो इच्छा अनुसार सहयोग गर्न पाउने छन् । चारदिने प्रतियोगितका खेलहरु कीर्तिपुरस्थित कभर्डहलमा हुने छ ।


## कतारमा रोजगार | कम्पनी : SOSAH TRADING HOSPITALITY & CLEANING

शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/१३ चलानी नं.: ६०१८१९६३ LT. No.: 265516

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1500 | ५१,२१० | | | | | | | |
| 3. | Foreman | 1 | 0 | | 2500 | ८५,३५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २१ गते (5 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८

**Perfect Recruiting Service Pvt. Ltd.**

P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 4987640,4950764 Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com
Mobile: 9802071039, 9803632493, 9841390685, 9828010982, 9857821827


**सुदूरपश्चिम प्रदेश सरकार**

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

**धनगढी, कैलाली, नेपाल**

## प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०७९।०३।१२**

यस निर्देशनालयबाट मिति २०७९।०२।१८ मा प्रकाशित "नव उद्यम (स्टार्टअप) व्यवसायको स्थापना तथा प्रवर्द्धनका लागि अनुदान सहायता" कार्यक्रमका लागि आव्हान गरिएको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये प्रस्ताव मुल्याङ्कन समितिको मुल्याङ्कन पश्चात कायम भएको योग्यताक्रम अनुसार तपसिलका प्रस्तावहरु स्वीकृतको लागि छनौट गरिएको हुँदा यो ७ दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| योग्यताक्रम नं. | उद्योगको नाम | ठेगाना | नवउद्यमको विषयक्षेत्रः |
|---|---|---|---|
| १. | घोडाघोडी मौरीपालन उद्योग | घोडाघोडी नगरपालिका वार्ड नं.३, कैलाली | **कृषिः** कृत्रिम रूपमा मौरीको रानु उत्पादन र आधुनिक प्रविधिबाट मौरीका गोला उत्पादन |
| २. | उच्चाकोटी स्टिल तथा आल्मुनियम उद्योग | धनगढी उपमहानगरपालिका वार्ड नं.४, कैलाली | **उत्पादनः** वाटर कुलर, चिलर काउण्टर, कोल्ड रुम, ओभेन, फिल्टर चिम्नी आदि उत्पादन |
| ३. | दुर्गा देवी कृषि तथा जडिबुटि फर्म | जोरायल गाउँपालिका वार्ड नं.२, डोटी | **कृषिः** अर्गानिक उत्पादन, सङ्कलन तथा प्रशोधन र ई-मार्केटिङ्ग |

**नेपाल सरकार**

**सहरी विकास मन्त्रालय**

## शहरी विकास तथा भवन निर्माण विभाग

## संघीय आयोजना कार्यान्वयन ईकाइ

**विरेन्द्रनगर, सुर्खेत**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७९/०३/१४**

यस आयोजना बाट प्रकाशित तपसिल बमोजिमको ठेक्कामा तपसिलका बोलपत्रदाता बाट न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनका लागि सम्बन्धित बोलपत्रदाताहरुको जानकारी लागि यो सात(७) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि नं. | ठेक्का नं | कामको नाम | बोलपत्रदाताको नाम/ ठेगाना | कबोल रकम (भ्याट र पि.एस बाहेक) |
|---|---|---|---|---|
| १ | FPIU/SURKHET/WORKS/ NCB/36-078/79 | Construction of Surkhet Convention Hall (Second phase) at Surkhet. | Majdoor-P.S. J/V Birendranagar, Surkhet | 41,221,008.50 |

**आयोजना प्रमुख**

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१४ असार २०७९, मंगलबार
28 June 2022, Tuesday

# देश र जनताको पक्षमा बजेट ल्याएकै कारण राजीनामा दिन्न : अर्थमन्त्री

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १३ असार ।

अर्थमन्त्री जनार्दन शर्माले देश र जनताको पक्षमा आगामी आर्थिक वर्षको बजेट ल्याएकै कारण आफुले राजीनामा नदिने बताएका छन् । सोमबार राष्ट्रिय सभामा विनियोजित बजेटका विषयमा सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिँदै अर्थमन्त्री शर्माले आगामी आर्थिक वर्षको बजेट देश र जनताको पक्षमा ल्याएको कारण विपक्ष दललाई अनैतिक लाग्दैमा आफूले राजीनामा नदिने स्पष्ट पारे । अर्थमन्त्री शर्माले स्रोत तथा साधन, पुँजीको एकीकृत परिचालनबाट मात्रै मुलुकको अर्थतन्त्रलाई सुदृढ बनाउन सकिने बताए ।

देशको आवश्यकतालाई सम्बोधन गर्ने खालको बजेट आफूले प्रस्तुत गरेको उल्लेख गर्दै उनले उत्पादनमा आधारित अर्थतन्त्रको विकास, रोजगारी सिर्जना र गरिबी निवारण, कृषि क्षेत्रको उत्पादन वृद्धि, बाँझो उपभोगविहीन जमिनको पूर्णरुपमा प्रयोग, मल बीउ, तालिम उपलब्ध गराउने र उत्पादित वस्तु सरकारले खरिद गर्ने व्यवस्था गरिएको बताए । तीन खर्ब ५८ अर्ब बराबरको कृषिउपजको आयात भइरहेको तथ्यांक पेश गर्दै अर्थमन्त्रीले कृषि क्षेत्रको विकास गर्ने, किसानलाई आत्मनिर्भर बनाउने कुरा गर्दा कसरी अनैतिक भयो भन्ने प्रश्न गरे । मन्त्री शर्माले आगामी आर्थिक वर्षको



सरकारको नीति तथा कार्यक्रम र बजेटमा आर्थिक समृद्धि, आत्मनिर्भता, गरिब कम गर्ने र व्यवसायीक क्षेत्रलाई प्रोत्साहन गर्नेगरी ल्याउने अर्थमन्त्री अनैतिक नहुने बताए । बजेट कार्यान्वयन हुँदा सरकारका संरचनालाई सुदृढ गर्ने कानूनहरुलाई राम्रो बनाउने र सँगै आम जनतालाई बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहभागी गराउने विषय बजेटमा उल्लेख गरिएको उनको भनाई थियो ।

आयात प्रतिस्थापन गर्न निर्यात बढाउने लक्ष्यका साथ प्रोत्साहनको नीति अगाडि सारिएको उल्लेख गर्दै उनले उद्यमशीलताको विकास, ग्रामीण अर्थतन्त्रको विकासका लागि उद्यमशीलताको विकासमा जोड दिइएको बताए । स्थानीय तहको केन्द्रसम्म पक्की सडक निर्माण गर्ने, औद्योगिक उत्पादनको वृद्धि, पर्यटनलगायतका सेवा क्षेत्रलाई विकास गर्ने, निरपेक्ष रेखामुनि रहेका नागरिकलाई त्यसबाट बाहिर निकाल्नका लागि स्थानीय सरकारसँग मिलेर काम गर्ने विषयलाई प्राथमिकतामा राखिएको अर्थमन्त्रीको भनाइ छ ।

आगामी आवको बजेटप्रति आफू जिम्मेवार रहेको जानकारी दिँदै उनले वर्तमान सरकारले यसको पूर्ण अपनत्व लिने बताए । उनले करका दर परिर्वतन भएको विषयमा आफू र सरकार जवाफदेही र जिम्मेवारसमेत रहेको समेत बताए । आर्थिक वर्षको बजेट अर्थमन्त्रीको व्यक्तिगत नभएर प्रतिष्ठित व्यवसायी, अर्थविद्, नागरिक र सबै सांसदहरुले दिएको सुझावको आधारमा ल्याएको उनले दाबी गरे । औद्योगिक क्षेत्रको विकासका लागि सरकारले विशेष प्राथमिकतामा राखिँदा त्यसैलाई विचौलियालाई फाइदा भयो भनेर नमिल्ने कथा बुनिएको अर्थमन्त्रीको भनाइ छ । विद्युतीय सवारी साधनका सन्दर्भमा पनि सरकारले स्पष्ट दृष्टिकोणका साथ नीतिगत व्यवस्था गरेको तथा विलासी सवारीसाधनको आयातमा केही नियन्त्रण गर्न खोजिएको उनले बताए ।

# वायुसेवा निगमले व्यावसायिक योजना परिमार्जन गर्ने




**काठमाडौं/रासस** – राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले १० वर्षे (२०२१-२०३०) एकीकृत व्यावसायिक योजना परिमार्जन गर्ने भएको छ । निगमको संस्थागत संरचनालाई सुदृढ तुल्याई सेवालाई चुस्त र दुरुस्त पार्ने नीतिगत योजना अघि बढाएको निगमले रणनीतिक महत्वको व्यावसायिक योजनाको परिमार्जन गर्ने निर्णय गरेको हो ।

निगमका नवनियुक्त महाप्रबन्धक दीपुराज जुहार्चनले तत्कालको आन्तरिक हवाई बजारलाई मध्यनजर गर्दै निगमले व्यावसायिक योजना समीक्षा गरी आवश्यक परिमार्जन गरिने बताए । उनका अनुसार निगमले ६४औँ वार्षिकोत्सवका अवसरमा यही असार १७ गते लामो समयदेखि सञ्चालनमा आउन नसकेको निगमको नयाँ वेबसाइट सार्वजनिक गर्ने निर्णय गरेको छ ।

त्यसैगरी हाल सञ्चालनमा नरहेका चिनियाँ विमानको हकमा तत्काल ठोस् व्यवस्थापनको पहल लिँदै सञ्चालक समितिमा प्रस्ताव लैजाने निर्णय गरिएको छ । निगमले तिर्नुपर्ने कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको ऋणको किस्ताको पुनःतालिकीरण गर्न पहल गर्नेसमेत निगम व्यवस्थापनले निर्णय गरेको छ । यसका लागि अर्थ मन्त्रालय, पर्यटन मन्त्रालय र दुई कोषबीच समन्वय गरिने निगमले उल्लेख गरेको छ । निगममा नयाँ नेतृत्व आएसँगै तदारुकताका साथ प्रशासनिक कार्यमा देखिने गरी गतिशीलता तथा नीतिगत कार्यमा ठोस सक्रियतासहित कार्यारम्भ गरिएको पनि निगमले जनाएको छ ।

# ब्रोकरहरुले अब नयाँ टिएमएस राख्न पाउने

**काठमाडौं/मस** - नेपाल स्टक एक्सचेन्जले धितोपत्र कारोबार व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०७९ जारी गरेको छ । अनलाइन तथा अफलाइनमार्फत धितोपत्र कारोबार गर्नका लागि नेप्सेले विकास गरेको वा कारोबार सदस्यले विकास वा खरिद गरी प्रयोग गर्ने कारोबार व्यवस्थापन गर्न बनेको धितोपत्र कारोबार सञ्चालन (तेस्रो संसोधन) विनियमावली, २०७९ को विनियम ३९ उपविनियम १ (ग) बमोजिम नेप्सेले यस्तो कार्यविधि जारी गरेको हो ।

मुख्यगरी यस कार्यविधि मार्फत नेप्सेले ब्रोकरहरुलाई नयाँ टिएमएस राख्नुका लागि पालना गर्नुपर्ने नियम र व्यवस्थाको बारेमा निर्देशन गरेको छ । योसँगै अब नेप्सेले नयाँ टिएमएस पनि राख्न पाउनेछन् । हाल नेप्सेले ल्याएको टिएमएस सञ्चालनमा रहेको छ । ब्रोकरहरुले आफ्नै टिमएमएस राख्ने वा नेप्सेको नयाँ टिएमएस प्रयोग गर्ने भनेर छनोट गर्ने सुविधा समेत प्रदान गरेको छ । तर हाल नेप्सेबाट निःशुल्क रुपमा पाइरहेको सफ्टवेयरको पनि यस व्यवस्था लागू भएपछि ३० दिनभित्र ब्रोकरले शुल्क तिर्नुपर्नेछ ।

आफ्नै टीएमएस संलग्नका लागि ब्रोकर कम्पनीले अब नेप्सेको प्रणालीसँग जडान गर्न धितोपत्र कारोबार सञ्चालन (तेस्रो संशोधन) विनियमावलीको विनियम २१ (ग) बमोजिम विवरण खुलाई निवेदन दिनुपर्नेछ । नयाँ टिएमएस राख्ने ब्रोकर कम्पनीले कारोबार व्यवस्थापन प्रणाली सञ्चालन तथा मर्मत सम्भार गर्ने प्राविधिक कर्मचारी समेत राख्नुपर्नेछ । साथै, संशोधित विनियमावलीको विनियम २१ च को उप विनियम ७ मा कारोबार सदस्यले कारोबार व्यबस्थापन प्रणाली मार्फत ग्राहकलाई अनलाईन सेवा प्रदान गरेवापत प्रत्येक ग्राहकबाट वार्षिक बढीमा एकसय रुपैयाँ सेवा शुल्क लिन सक्ने व्यवस्था गरिएको छ ।

## अर्थ संक्षिप्त

### सिटिजन्सको शाखारहित बैंकिङ सेवा रुकुम पूर्वमा



**काठमाडौं/मस** - सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले रुकुम जिल्लाको भुमे गाउँपालिकामा शाखारहित बैंकिङ सेवा सुभारम्भ गरेको छ । बैंकले देशका विभिन्न दुर्गम स्थलका बासिन्दाहरुलाई सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ सेवा पुऱ्याउने उद्देश्यका साथ शाखा रहित बैंकिङ सेवा विस्तार गर्दै आएको छ ।

सोही क्रममा रुकुमजिल्लाको भुमे गाउँपालिका -०९ चुनवाङ रुकुम पुर्वमा ९६ औं शाखारहित बैंकिङ सेवा प्रारम्भ गरेको हो । बैंकले उक्त स्थानमा सेवा संचालनका लागि स्थानीय व्यवसायी भिम प्रसाद पुनलाई व्यवसायिक प्रतिनिधि नियुक्त गरेको छ । उक्त शाखा रहित बैंकिङबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी, उपयोगी सेवाहरुको रकम भुक्तानी लगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरु उपलब्ध गराउने लक्ष्य बैंकले राखेको छ । बैंकले हाल देशैभरी फैलिएका आफ्ना १७५ वटा शाखा, १२७ वटा ए.टि.एम. र ९६ वटा शाखा रहित बैंकिङ ईकाईहरुबाट करिव १४ लाख ग्राहकहरुलाई बैंकिङ सेवाहरु प्रदान गर्दै आएको छ ।

### प्रभु इन्स्योरेन्सको वार्षिक साधारणसभा असार २८ मा हुने

**काठमाडौं/मस** – प्रभु इन्स्योरेन्स कम्पनी लिमिटेडको विशेष साधारणसभा असार २८ गते हुने भएको छ । कम्पनीको असार १२ को संचालक समिति बैठकले उक्त मितिमा साधारणसभा डाक्ने निर्णय गरेको हो । सभा कम्पनीको केन्द्रिय कार्यालय प्रभु कम्प्लेक्स तिनकुनेमा बिहान ११ बजे हुने तय भएको कम्पनीले जनाएको छ । सभामा कम्पनीले भविष्यमा कुनै निर्जीवन बीमा कम्पनीसँग एक आपसमा गाभ्ने गाभिने तथा प्राप्ति गर्नेसम्बन्धी विशेष प्रस्तावमा लैजाने भएको छ ।

चलअचल सम्पति तथा दायित्व मूल्यांकन गर्नका लागि भ्यालुएटर (मूल्यांकनकर्ता) नियुक्त तथा उसको पारिश्रमिक निर्धारण गर्ने लगायत मर्जर तथा प्राप्ति सम्बन्धी अन्य आश्यक सम्पूर्ण प्रकिया पूरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पनि सभामा लगिने जनाइएको छ । साथै, सभा प्रयोजनका लागि कम्पनीले असार २० गते बुक क्लोज गर्ने भएको छ । असार १९ सम्म कायम शेयरधनीले विशेष साधारण सभामा भाग लिन पाउने कम्पनीले जनाएको छ ।

### हिमालयन बैंकको वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

**काठमाडौं/मस** – हिमालयन बैंक लिमिटेडले कैलालीको लम्कीचुहा नगरपालिकामा वित्तीय साक्षरता कार्यक्रम तथा शैक्षिक सामाग्री वितरण सम्पन्न गरेको छ । बैंकले शुक्रबार नगरपालिकाको वडा नम्बर २ स्थित श्री जनसेवा माध्यमिक विद्यालयमा सो वित्तीय साक्षरता तथा शैक्षिक सामाग्री वितरण कार्यक्रम गरेको हो ।



विद्यार्थीहरुलाई वित्तीय सचेतना अभिबृद्धि गर्नका लागि संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत देशव्यापी रुपमा यस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएकोमा सुदुरपश्चिम प्रदेश कार्यालयले समेत उक्त कार्यक्रम सञ्चालन गरेको बैंकका सुदूरपश्चिम प्रदेश प्रमुख सरोज रेग्मीले जानकारी दिए । जिल्लाका विभिन्न क्षेत्रहरुमा वित्तीय सचेतना अभिबृद्धि गर्ने कार्यक्रमको प्रमुख उद्देश्य रहेको रेग्मीले बताए ।

शुक्रबार सम्पन्न कार्यक्रम मुख्य रुपले विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरु तथा अभिभावकहरुको लागि आयोजना गरिएको थियो । कार्यक्रममा अभिभावकहरु, शिक्षक-शिक्षिकाहरु, विद्यार्थीहरु लगायत करिब १५० जनाको सहभागिता रहेको थियो ।

### स्मार्टच्वाईस र गरिमाबीच सम्झौता



**काठमाडौं/मस** – स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड र गरिमा विकास बैंक लिमिटेडवीच एससीटी-युपीआई डेबिट कार्ड मार्फत भुक्तानी सेवा प्रदान गर्नको लागि सम्झौता सम्पन्न भएको छ । स्मार्टच्वाइसको तर्फबाट प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाश भुजु र गरिमाको तर्फबाट प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले सो सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

स्मार्टच्वाइस र गरिमाको सहकार्यबाट मुलुकको समग्र डिजिटल इकोसिस्टमको विकासमा थप योगदान पुग्न जाने आशा लिइएको छ । सो सम्झौता पश्चात स्मार्टच्वाइस र गरिमाबीच एससीटी-युपीआई डेबिट कार्ड प्रयोगको क्षेत्रमा सहकार्य हुने जनाइएको छ । सम्झौता पश्चात बैंकले आफ्ना ग्राहकलाई भुक्तानी कार्डको आधुनिक, सुरक्षित, गुणस्तरीय तथा भरपर्दो सुविधा प्रदान गर्न सहजता प्राप्त गर्ने छ ।

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिकमा** विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७९ असार २० गते** भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्याेट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिकको** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने कम्पनी/संस्थाहरूको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं । फोन नं.: 01-4228298, 4226366
Email: madhyanhadaily59@gmail.com

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति २०७९ असार २० गते भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्याेट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइन तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं । फोन नं.: 01-4228298, 4226366
Email: madhyanhadaily59@gmail.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**